का.जि.प्र.का.द.नं. १००/०५२/६०
३ भदौ २०८३
बुधबार
19 August 2026
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २०९। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

२०औं एसियाड
सपना स्वर्णको

एसियाली खेलकुदको इतिहासमा नेपालले हालसम्म तीन रजत र २३ कास्यसहित कुल २६ पदक जितेको छ। नेपालले यसपटक पहिलो स्वर्णसहित दोहोरो अंकको पदक जित्ने लक्ष्यसहित तयारी गरिरहेको छ।

दिवाकर अधिकारी/मध्यान्ह

एसियाडमा सहभागी हुने सबै खेलाडीका लागि सबै व्यवस्था सरकारले गरेको छ, प्रतियोगिता नजिकिँदै जाँदा हामीले तयारीलाई अझ गम्भीर र व्यवस्थित बनाएका छौं, सम्पूर्ण प्रक्रिया तीव्र गतिमा अघि बढाएका छौं।

● **रामचरित्र मेहता**
सदस्य-सचिव, राखेप

मिसन २०२६मा हामीले निरन्तर तीन वर्ष तयारी गरेका छौं, त्यसले गर्दा बीचमा भएका धेरै टुर्नामेन्टहरूमा हामीले राम्रो नतिजा हासिल गर्‍यौं। त्यो नतिजालाई हेरेर एसियाडमा राम्रो नतिजा ल्याउन सक्छौं भन्ने हाम्रो विश्वास छ।

● **दीपक विष्ट**
निर्देशक, राष्ट्रिय टिम तयारी

- १३७ खेलाडीमा खुम्चियो नेपालको एसियाड टोली
- ८० पुरुष र ५६ महिला खेलाडी
- २२ खेलमा नेपालको सहभागिता
- ई-स्पोर्ट्स टोली प्रशासनिक विवादको मारमा
- गर्विलो इतिहास बोकेको तेक्वान्दो खुम्चियो

नेपालले खेल्ने खेल

आर्चरी, एथलेटिक्स, ब्याडमिन्टन, बक्सिङ, क्रिकेट, साइकलिङ, गल्फ, कबड्डी, कराते, जुडो, स्क्वास, पौडी, टेबलटेनिस, टेनिस, सफ्ट टेनिस, कुस्ती, क्यानोइ स्लालोम, डान्स एन्ड स्पोर्ट्स, स्केटबोर्ड, तेक्वान्दो, भलिबल र उसु।

जापानको आइची-नागोयामा २०औं एसियाली खेलकुद सुरु हुन अब एक महिना मात्र बाँकी छ। सेप्टेम्बर १९ देखि अक्टोबर ४ सम्म हुने एसियाडका लागि नेपालले आफ्नो टोलीको अन्तिम स्वरूप तय गरिसकेको छ। यसपटक नेपाल २२ खेलमा १३७ खेलाडी लिएर एसियाडको मैदानमा उत्रिँदै छ। टोलीमा ८० पुरुष र ५६ महिला खेलाडी छन्। खेलाडीबाहेक ३२ प्रशिक्षकसहित १६८ जना जापान जानेछन्।

एक वर्षअघि प्रारम्भिक रूपमा नेपालले ३२ खेलमा ४३४ खेलाडीको नाम दर्ता गराएको थियो। त्यसपछि खेल र खेलाडीको संख्या लगातार घट्दै गयो। केही खेल छनोट, कोटा, तयारी र बजेटका कारण अन्तिम सूचीमा परेनन्। अन्ततः २२ खेल र १३७ खेलाडीमा नेपालको सहभागिता सीमित भएको छ।

सरकार र नेपाल ओलम्पिक कमिटीबीचको पुरानो विवाद, खेलको सूचीमा देखिएको अन्योल, ई-स्पोर्ट्सका खेलाडी छनोट भएर पनि अन्तिम टोलीमा पर्न नसक्नु र नेपालको सबैभन्दा सफल खेलमध्ये »» पृष्ठ २ मा

कस्तो छ प्रशिक्षण ?

एसियाडमा सहभागी हुने २२ खेलका खेलाडी सबै एउटै ठाउँमा प्रशिक्षण गरिरहेका छैनन्। केही काठमाडौंमा बन्द प्रशिक्षणमा छन् भने केही खेलका खेलाडीलाई भारत, थाइल्यान्ड, चीनलगायत देशमा प्रशिक्षण र प्रतियोगिताका अवसर दिइएको छ।

नेपालमै रहेका खेलाडीलाई भने राखेपले काठमाडौंमा बन्द प्रशिक्षणमा राखेको छ। साउन १८ गतेदेखि एसियाडका लागि बन्द प्रशिक्षण सुरु गरिएको हो। यसबाट नेपालले यसपटक तयारीमा केही सुधार गरेको देखिएको छ।

तर, सबै खेलको तयारी एउटै स्तरको छैन। कुनै खेलका खेलाडीले महिनौं विदेशमा प्रशिक्षणको अवसर पाएका छन्। कुनै खेलका खेलाडी भने नेपालमै तयारी गरिरहेका छन्।

राष्ट्रिय टिम तयारी निर्देशक दीपक विष्टले आगामी एसियाडलाई लक्षित गर्दै नेपाली टोलीको तयारी तीव्र रूपमा अघि बढिरहेको बताए। हाल टोलीसँग करिब २५ देखि २८ दिनको तयारी समय बाँकी रहेको उनले जानकारी दिए। विष्टका अनुसार सबै खेलाडी गम्भीरतापूर्वक »» पृष्ठ २ मा

एरिकाबाट आशा

हाङझाउमा नेपालको झन्डा उचाल्ने सबैभन्दा चर्चित खेलाडी थिइन्-एरिका गुरुङ। करातेको महिला ६८ केजीमाथिको कुमितेमा रजत जितेर एरिकाले नेपाली खेलकुदमा नयाँ आशा जगाइन्।

नेपालले हाङझाउमा दुई पदक जित्दा एउटा एरिकाको रजत थियो। अर्को महिला कबड्डीको कास्य। त्यसैले नागोयामा पनि नेपालको सबैभन्दा ठुलो आशा करातेतर्फ छ।

यसपटक करातेबाट आठ खेलाडी सहभागी हुँदै छन्। राकेश मानन्धर, मीनबहादुर गुरुङ, तेन्जिङ शेर्पा, निरुपमा दोङ तामाङ, एरिका गुरुङ, सानुमाया थिङ, एलिसा रास्कोटी मगर र मेघा लिम्बू टोलीमा छन्।

एरिकाका लागि भने यसपटकको एसियाड फरक हुनेछ। हाङझाउमा उनी नयाँ खेलाडी थिइन्। नागोयामा उनीसँग पदकको अपेक्षा हुनेछ। अघिल्लोपटक जितेको रजतलाई स्वर्णमा बदल्ने चुनौती उनको अगाडि छ।

राहदानी बायोमेट्रिकमा जोडिँदै निजी क्षेत्र

विदेशमा रहेका नेपालीको जैविक विवरण संकलन प्रक्रियामा निजी संस्था प्रवेश गर्न सक्ने बाटो खोल्न खोज्दा त्यसको सुरक्षा मापदण्ड, प्राविधिक पूर्वाधार, डेटा संरक्षण व्यवस्था र निगरानी संयन्त्र बनाउने विषयमा प्रस्तावित विधेयक मौन छ।

मुकुन्द लामिछाने/मध्यान्ह
काठमाडौं, २ भदौ

सरकारले विदेशमा रहेका नेपालीको जैविक विवरण (बायोमेट्रिक) संकलन गर्ने अधिकार निजी क्षेत्रले समेत प्राप्त गर्न सक्ने गरी ऐन बनाउन लागेको छ। यसनिम्ति राहदानी ऐन संशोधन गरिँदै छ। बायोमेट्रिक भनेको नागरिकको औंठाछाप, आँखाको नानी र मुहार जाँच गरी पहिचान गर्ने र सुरक्षित गर्ने आधुनिक प्रविधि हो। यसको प्रयोग उच्च सुरक्षाका लागि गर्ने अभ्यास संसारभर छ। »» पृष्ठ २ मा

डेटा संरक्षण ऐनको व्यवस्था नभएको सन्दर्भमा यो (विदेशमा रहेका नेपालीको बायोमेट्रिक संकलनमा निजी क्षेत्र जोडिने विषय) चुनौतीपूर्ण देखिन्छ।

रीमा विश्वकर्मा
सांसद, रास्वपा

कुनै निजी संस्थाले नागरिकको जैविक विवरण गलत रूपमा संकलन गर्‍यो, डेटा चुहावट भयो वा डाटा नष्ट गर्नुपर्ने समयमा नष्ट भएन भने प्रश्न उठ्छ।

निश्कल राई
सांसद, कांग्रेस

महाधिवेशनमा होमियो कांग्रेस

रोक्न खोज्दै देउवा समूह

विस्तृत पृष्ठ २

वैदेशिक रोजगार विशेष

विभाग लचक, प्रमाण पेस गर्न व्यवसायीलाई मौका

मध्यान्ह संवाददाता
काठमाडौं, २ भदौ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले श्रमिक भर्ना प्रक्रियामा देखिएका प्रक्रियागत त्रुटिहरूको सूक्ष्म अध्ययन गरी विभिन्न निकायसँग छलफल सुरु गरेको बताएको छ।

सोही क्रममा मंगलबार संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'को नेतृत्वमा गएको एक प्रतिनिधिमण्डलले वैदेशिक रोजगार विभागकी महानिर्देशक मिरा आचार्य र निर्देशकहरूलाई भेट गरी कोटा क्यान्सिल, पूर्व र अन्तिम स्वीकृतिमा देखिएका समस्या, उजुरी तथा त्यसका प्रकृति, फरफारकका पद्धतिलगायतका विषयमा छलफल गरेको संघका महासचिव हिराबहादुर डाँगी (हरि)ले जानकारी दिए।

छलफलपछि महानिर्देशक आचार्यले विभागबाट व्यवसायीका व्यवहारिक विषयलाई हदसम्म सहजीकरण गर्ने सकारात्मक जवाफ प्राप्त भएको पनि महासचिव डाँगीले बताए। संघले श्रम गन्तव्य मुलुकका दूतावाससँग पनि छलफल सुरु गर्ने बताएको छ। संघले विभागको कारबाहीमा परेका ५९८/३९/१२४ समूहका व्यवसायीको गुनासो सहजीकरण र त्यसको न्यायिक व्यवस्थापनका लागि संघका तृतीय उपाध्यक्ष तथा वैदेशिक रोजगार विभाग समन्वयका संयोजक लक्ष्मण पौडेललाई सम्पर्क गर्न पनि आग्रह गरेको छ।

संयोजक पौडेलले विभाग र संघको सूचना अनुसार अनलाइन विवरण »» पृष्ठ २ मा

साउनमा ७० हजार बढी नेपाली वैदेशिक रोजगारीमा

काठमाडौं/मस- साउन महिनामा करिब ४२ हजार नेपालीले नयाँ काम खोज्दै पहिलोपटक वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका छन्। वैदेशिक रोजगार विभागले मासिक रूपमा सार्वजनिक गर्ने प्रगति विवरणअनुसार साउनमा ७० हजार ४ सय ४१ जनाले सबै प्रकारको श्रम स्वीकृति लिएका छन्। त्यसमध्ये नयाँ श्रमिकको संख्या ४१ हजार ८ सय ८९ जना छ।

त्यसमा संस्थागत अर्थात् म्यानपावर कम्पनीमार्फत जान श्रम स्वीकृति लिएको संख्या २९ हजार ४ सय ४७ र व्यक्तिगत श्रम स्वीकृति लिने श्रमिकको संख्या १२ हजार ४ सय ४२ रहेको छ।

विभागको तथ्यांकअनुसार म्यानपावर कम्पनीमार्फत साउनमा युएईमा ९ हजार ३ सय ७५ जना, मलेसियामा ९ हजार १ सय ७०, साउदी अरेबियामा »» पृष्ठ २ मा

साउनमा धेरै कामदार पठाउनेमा प्याराडाइज पहिलो, आकर्षण दोस्रो र अल स्किल तेस्रो

काठमाडौं/मस- साउन महिनामा ५ दर्जन बढी म्यानपावर कम्पनीले सय वा सो भन्दा बढी श्रमिक वैदेशिक रोजगारीमा पठाएका छन्। प्याराडाइज इन्टरनेसनल प्रा.लि.- ४ सय ९८ जना कामदार वैदेशिक रोजगारीमा पठाउँदै सूचीको पहिलो स्थानमा »» पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
Documentation - 2 (Female)
Receptionist - 2 (Female)
Working Hours: 9:30 AM to 6:00 PM
Salary : Negotiable
Education : +2 Passed
Experienced in Related Fields
send Your CV at admin@bridgeskyint.com.np
BRIDGE SKY INTERNATIONAL PVT. LTD.
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
फ्याक्स: ४४६५३४५, फोन नं. ४४५३३२१, ४४५४४७१, ४४५६३६१, ९८०१२६८३४२(WhatsApp)
E-Mail: info@bridgeskyint.com.np, Website: www.bridgeskyint.com.np
Gov Lic No: 573/062/063

सूचनाको हक: नागरिकको मौलिक अधिकार
- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान-प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन ।
नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

३ भदौ २०८३ बुधबार
19 August 2026 Wednesday

महाधिवेशनमा होमियो कांग्रेस

रोक्न खोज्दै देउवा समूह

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, २ भदौ।

नेपाली कांग्रेसले १५औं महाधिवेशनको प्रक्रिया अघि बढाएको छ। तर, संस्थापनइतर पक्षका नेताहरू विशेष महाधिवेशनबाट आएको नेतृत्व अस्वीकार गर्दै महाधिवेशन रोक्न लागेका छन्। संस्थापन पक्ष भने पूर्वनिर्धारित मितिमै महाधिवेशन गर्ने गरी अघि बढेको हो। केन्द्रीय कार्यसमितिको अघिल्लो बैठकले १५औं महाधिवेशन २०८३ असोज १६-१९मा काठमाडौंमा गर्ने निर्णय गरेको थियो।

महाधिवेशनलाई प्राविधिक निर्वाचन प्रक्रियामा मात्रै सीमित नराखी पार्टीको लोकतान्त्रिक नवीकरण, एकता, सहमति, संवाद र व्यापक सहभागिताको महोत्सवका रूपमा सम्पन्न गर्ने वातावरण निर्माण गरिने कांग्रेसले जनाएको छ। गत २४ गतेदेखि भदौ १ गतेसम्म कांग्रेसको केन्द्रीय समितिको बैठक बसेको थियो। विधानअनुसार आगामी मंसिर मसान्तभित्र १५औं महाधिवेशन गरिसक्नुपर्ने व्यवस्था छ। यद्यपि, संविधानबमोजिम विशेष कारण पेस गरेर ६ महिना समय थप गर्न पाइने व्यवस्था छ।

संस्थापनइतर पक्षले सोही व्यवस्थालाई समातेर आगामी जेठ मसान्तसम्म पार्टीको महाधिवेशन गर्न सक्ने भन्दै असोजको महाधिवेशन हुन नसक्ने दाबी गरेको छ। पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काले राजनीतिक दलसम्बन्धी ऐन, पार्टीको विधान र नेपालको संविधानबाहिर गएर विशेष महाधिवेशनका नाममा गगन थापा-विश्वप्रकाश शर्मालगायतले पार्टी कब्जा गरेको दाबी गरे। 'हामी कांग्रेसलाई एकताबद्ध बनाएर मात्रै महाधिवेशनमा जान चाहन्छौं,' उनले मध्यान्हसँग भने, 'कांग्रेसको विधान, देशको संविधान र राजनीतिक दलसम्बन्धी ऐनविपरित गएर विशेष महाधिवेशनबाट पार्टी कब्जा गरिएको छ।'

संस्थापन पक्षका नेताहरूले मंसिरभित्र महाधिवेशन नभए पार्टीको वैधानिक हैसियत गुम्ने भन्दै कार्यकर्तालाई भ्रम फैलाएको उनको तर्क छ। 'केही जिम्मेवार साथीहरूले नै मंसिरबाट कांग्रेसको वैधानिकता सकिन्छ भनेर भ्रम फैलाएको सुनिन्छ,' खड्काले भने, 'तर, हाम्रो विधानले पाँच वर्षको समयसीमा दिए पनि संविधानअनुसार विशेष परिस्थितिमा ६ महिना समय थप्न सकिने व्यवस्था छ। त्यसअनुसार ०८४ जेठ मसान्तसम्म महाधिवेशन गर्न समय कांग्रेसलाई छ।'

जिम्मेवार साथीहरूले नै मंसिरबाट कांग्रेसको वैधानिकता सकिन्छ भनेर भ्रम फैलाएको सुनिन्छ। हाम्रो विधानमा पाँचवर्षे समयसी तोके पनि संविधानअनुसार ६ महिना थप्न सकिने व्यवस्था छ।

■ पूर्णबहादुर खड्का
पूर्वकार्यवाहक सभापति

विशेष महाधिवेशनको म्यान्डेट नियमित महाधिवेशन गर्ने हो। सदस्यता अध्यावधिक नगरेका र असन्तुष्ट पक्षलाई समेत एकताबद्ध गराएर तोकिएकै मितिमा १५औं महाधिवेशन गर्छौं।

■ डिला संग्रौला
सहमहामन्त्री

पार्टीलाई वैधानिक सांगठनिक र वैचारिक हिसाबले स्वस्थ राख्न नियमित महाधिवेशन गर्नुपर्ने पार्टीको दायित्वलाई सबै पक्षले सहयोग गर्नुपर्ने संस्थापन पक्षका नेताहरूले बताएका छन्। तर, महाधिवेशन रोक्न इतर समूह अदालत जाने तयारीमा छ। कांग्रेसले अघिल्लो मंसिरमै नियमित महाधिवेशन गर्नुपर्ने थियो।

आन्तरिक विवाद बढ्दै जाँदा प्रतिनिधिसभाको निर्वाचनलाई देखाएर महाधिवेशन सार्ने निर्णय गरेपछि तत्कालीन महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मासहित नेताहरूले विद्रोह गरे। उनीहरूकै अगुवाइमा ४७ प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन आह्वान गरेका थिए।

तर, ५७ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षरमा विशेष महाधिवेशन सम्पन्न भएको नेपाली कांग्रेसकी नेता डा. डिला संग्रौला पन्तले जिकिर गरिन्। 'विशेष महाधिवेशनबाट आएको नयाँ नीति र नेतृत्वले कांग्रेसलाई पुनर्जाग्रित गराउने काम गरेको छ,' उनले भनिन्, 'यही समितिले कांग्रेसलाई एकताबद्ध र सबैको अपनत्व हुनेगरी १५ नियमित महाधिवेशन तोकिएकै समयमा गर्नेछ।'

विशेष महाधिवेशनको म्यान्डेट पनि महाधिवेशन नै भएको उनको भनाइ छ। पार्टीको आन्तरिक समस्या समाधानमा सभापति गगन थापासहित पदाधिकारीले संस्थापनइतर पक्षका नेताहरूसँग आवश्यक संवाद गरिरहेको उनले दाबी गरिन्। उनले भनिन्, 'विधानको परिधिभित्र रहेर असन्तुष्ट पक्षलाई समेट्न सदस्यता अध्यावधिक नगरेकाहरूको समेत सदस्यता अध्यावधिक गरेर महाधिवेशनमा जाने निर्णय भएको छ।'

नेपालको संविधान तथा प्रचलित कानुनले निर्धारण गरेको समयसीमा र विशेष महाधिवेशनको निर्णयलाई ध्यानमा राखी पार्टीको १५औं महाधिवेशन समयमै सम्पन्न गर्नु पार्टीको वैधानिक तथा राजनीतिक दायित्व भएको कांग्रेसको निर्णयमा उल्लेख छ। नौ दिनसम्म चलेको बैठकले सभापति गगनकुमार थापाको संयोजकत्वमा १५औं महाधिवेशन व्यवस्थापन समिति गठन गर्ने निर्णय गरेको छ। उक्त समितिमा आवश्यकताअनुसार सदस्यहरू रहने बताइएको छ। बैठकले महाधिवेशनलाई भव्य रूपमा सम्पन्न गर्न मूल समितिले आवास, खाद्य व्यवस्था, मञ्च व्यवस्थापन, अतिथि सत्कार, स्वास्थ्यलगायत विभिन्न उपसमिति निर्माण गर्ने पनि निर्णय गरेको छ।

ती उपसमितिमा रहने संयोजक र सदस्यको नामावली पछि प्रकाशित गरिने प्रवक्ता देवराज चालिसेले जानकारी दिए। उनका अनुसार सभापति थापाले महाधिवेशनमा मुख्य राजनीतिक प्रस्ताव पेस गर्नेछन्। सभापतिको प्रस्तावमा 'आगामी दशक, लोकतन्त्र र कांग्रेस' विषयलाई विशेष महत्त्व दिइने बताइएको छ। महाधिवेशनमा उपसभापति विश्वप्रकाश शर्माले 'राजनीतिक संस्कृतिमा क्षयको प्रवृत्ति र युगानुकूल रूपान्तरणको अभिभारा' विषयक प्रस्ताव पेस गर्ने कांग्रेसले निर्णय गरेको छ।

निर्णयअनुसार अर्का उपसभापति पुष्पा भुसालले प्रदेश निर्वाचन विशेष प्रस्ताव र महामन्त्री गुरुराज घिमिरेले संगठनसम्बन्धी प्रस्ताव महाधिवेशनमा पेस गर्ने भएका छन्। कांग्रेसले प्रवक्ता चालिसेको संयोजकत्वमा १५औं महाधिवेशन प्रचार-प्रसार समिति गठन गरेको छ। बैठकले विधानलाई समयसापेक्ष बनाउँदै पार्टी संगठनलाई थप प्रभावकारी बनाउन आवश्यक संशोधनका लागि महामन्त्री प्रदीप पौडेलको संयोजकत्वमा विधान संशोधन समिति गठन गर्ने निर्णय गरेको छ। उक्त समितिलाई पार्टीका विभिन्न तह, निकाय तथा सदस्यबाट सुझाव लिन र प्राप्त सुझावसमेत अध्ययन गरी विधान संशोधनको प्रस्ताव केन्द्रीय कार्यसमितिसमक्ष पेस गर्न भनिएको छ। केन्द्रीय कार्यसमिति बैठकले १५औं महाधिवेशन गर्नका लागि व्यवधान रहेको विधानको धारा ३५ (२)(घ) निलम्बन गरेको छ। 'स्थानीय तहका अधिवेशनबाट प्रदेश अधिवेशन र केन्द्रीय महाधिवेशनका लागि निर्वाचित हुने प्रतिनिधि प्रदेश अधिवेशन र केन्द्रीय महाधिवेशन हुनुभन्दा तीन महिनापहिले निर्वाचित गरिनेछन्,' उक्त धारामा भनिएको छ। उक्त व्यवस्थाअनुसार महाधिवेशन गर्न समयावधि अपुग भएसँगै कांग्रेसले विधानको धारा निलम्बन गर्ने निर्णय गरेको कांग्रेस प्रवक्ता देवराज चालिसेले बताए।

पुग्ने विश्वास गरिएको छ।

राहदानी...

राहदानी ऐन संशोधन विधेयक २०८३ परराष्ट्रमन्त्री शिशिर खनालले १४ साउन २०८३मा प्रतिनिधिसभामा दर्ता गरेका थिए। उक्त विधेयकको दफा ६मा मूल ऐनको दफा १०मा संशोधन गर्ने प्रस्ताव छ। जसमा विदेशमा रहेका नेपाली नागरिकले राहदानी बनाउँदा दिनुपर्ने जैविक तथा वैयक्तिक विवरण संकलनको काम निजी क्षेत्रलाई समेत दिन सकिने कानुनी व्यवस्था प्रस्तावित छ। जहाँ लेखिएको छ, 'यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा रहेका नेपाली नागरिकको हकमा मन्त्रालयले तोकिएबमोजिम निजी क्षेत्र वा अन्य कुनै संस्थामार्फत राहदानीका लागि जैविक विवरणसहितको निवेदन संकलन गर्ने व्यवस्था मिलाउन सक्नेछ।'

हाल सरकारी संयन्त्रमार्फत हुँदै आएको संवेदनशील व्यक्तिगत विवरण संकलनको जिम्मेवारी निजी क्षेत्र वा अन्य संस्थालाई समेत दिन सक्ने प्रावधान प्रस्तावित विधेयकमा राखिएको हो।

यसअनुसार ऐन बने विदेशमा रहेका नेपालीको राहदानीसम्बन्धी विवरण संकलनका लागि सरकारले नेपाली दूतावास तथा नियोगबाहेक निजी कम्पनी वा अन्य संस्थालाई समेत जिम्मेवारी दिन सक्नेछ। तर, कुन निजी संस्था वा कस्तो मापदण्ड पूरा गर्ने संस्थाले यस्तो काम पाउने भन्ने विषय विधेयकमा स्पष्ट गरिएको छैन।

प्रचलित ऐनअनुसार राहदानीसम्बन्धी कामलाई राहदानी विभाग, जिल्ला प्रशासन कार्यालय र विदेशस्थित नेपाली नियोगसँग मात्रै जोडिन्छ। राहदानी नियमावली, २०७७ अन्तर्गत राहदानीसम्बन्धी निवेदन तथा विवरण संकलन र राहदानी जारी गर्ने प्रक्रियामा सरकारी निकाय तथा नियोगको भूमिका तोकिएको छ।

विदेशमा रहेका नेपाली नागरिकले राहदानीका लागि सम्बन्धित नेपाली नियोगमा आवेदन दिनुपर्ने र बायोमेट्रिक विवरणका लागि स्वयं उपस्थित हुनुपर्ने व्यवस्था छ। जिल्ला प्रशासन कार्यालयको राहदानी सेवासम्बन्धी विवरणमा समेत निवेदक स्वयं उपस्थित भएर जैविक विवरण दिनुपर्ने उल्लेख छ।

तर, प्रस्तावित विधेयकले विदेशस्थित नेपालीका लागि भने यो काम सरकारी संयन्त्रबाहिर लैजान सक्ने बाटो खोल्न खोजेको छ। यो विषय संसद्मा पनि छ। निजी क्षेत्रलाई किन नागरिकको बायोमेट्रिक संकलन गर्न दिन खोजिएको विषयमा सरकारले प्रस्ट पार्नुपर्ने बताउँछिन्, राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद रीमा विश्वकर्मा। 'यस्तो संवेदनशील व्यक्तिगत तथ्यांकको दुरुपयोग रोक्ने स्पष्ट मापदण्ड विधेयकमा देखिँदैन,' मंगलबार प्रतिनिधिसभाको बैठकमा उनले भनेकी छिन्, 'नेपालमा हाल छुट्टै डेटा संरक्षण ऐनको व्यवस्था नभएको सन्दर्भमा यो अलि चुनातीपूर्ण देखिन्छ। त्यसैले तथ्यांकको सुरक्षा र संरक्षणसम्बन्धी स्पष्ट कानुनी व्यवस्था सुनिश्चित गरिनुपर्छ।'

नेपाली कांग्रेसका सचेतक निश्कल राई यसमा सरकार गम्भीर बन्नुपर्ने बताउँछन्। उनी भन्छन्, 'यदि कुनै निजी संस्थाले नागरिकको जैविक विवरण गलत रूपमा संकलन गर्‍यो, डेटा चुहावट भयो, सब कन्ट्र्याक्टरले त्यो विवरण प्रयोग गर्‍यो, कुनै विदेशी जुरिडिक्सनमा डेटा ट्रान्सफर भयो, कुनै नागरिकको विवरण गलत व्यक्तिसँग जोडियो वा डाटा नष्ट गर्नुपर्ने समयमा नष्ट भएन भने प्रश्न उठ्छ।'

तर, परराष्ट्र मन्त्रालयका अधिकारीहरू सरकारको नियत गलत नरहेको बताउँछन्। मन्त्रालयका अनुसार विदेशमा रहेका नेपालीको संख्या ठूलो छ। सबै देशमा नेपाली दूतावास वा महावाणिज्य दूतावास छैनन्। भएका नियोगमा पनि राहदानी बनाउने तथा नवीकरण गर्ने सेवाका लागि लामो दूरी पार गरेर पुग्नुपर्ने अवस्था छ।

यस्तोमा सेवाको पहुँच विस्तार गर्न र विदेशमा रहेका नेपालीलाई सहज रूपमा राहदानी सेवा उपलब्ध गराउन निजी क्षेत्र वा अन्य संस्थामार्फत विवरण संकलन गर्ने विकल्प अघि सारेको सरकारको तर्क छ।

तर, सुविधा विस्तारसँगै नागरिकको अत्यन्त संवेदनशील व्यक्तिगत विवरणको सुरक्षा कसरी हुन्छ भन्ने विषयको स्पष्ट जवाफ दिएको छैन।

प्रस्तावित विधेयकमा 'जैविक तथा वैयक्तिक विवरण' भन्ने शब्द प्रयोग गरिएको छ। निजी क्षेत्रलाई फाराम भर्ने वा कागजात जाँच्ने काम मात्र होइन, नागरिकको बायोमेट्रिक विवरणसमेत संकलन गर्ने अधिकार दिन खोजिएको छ। यस्तोमा औंलाछाप, फोटो, हस्ताक्षर वा अन्य पहिचानसम्बन्धी विवरण कसले लिने, कहाँ भण्डारण गर्ने, कति समय राख्ने र त्यसमा कसको पहुँच हुने भन्ने विषयमा चासो व्यक्त भएको हो। बायोमेट्रिक संकलन प्रक्रियामा निजी संस्था प्रवेश गर्न सक्ने बाटो खोल्न खोल्दा सरकारले त्यसका लागि छुट्टै सुरक्षा मापदण्ड, प्राविधिक पूर्वाधार, डेटा संरक्षण व्यवस्था र निगरानी संयन्त्र बनाउने हो कि होइन भनेर प्रश्न उठेको हो। तर, शंका नगर्न परराष्ट्रमन्त्री खनालको आग्रह छ।

विभाग...

बुझाएर मिसम्याच भएकालाई तत्कालै विवरण बुझाउन आग्रह गरेको बताए। उनले यसअघि कारबाहीको सूचीमा परेकाहरूमध्ये १८ व्यवसायीले फिजिकल अर्थात् विवरणको सक्कल प्रति बुझाएका कारण सफाइ पाएको भन्दै विभागमा तत्कालै विवरण बुझाउन आग्रह गरे। संयोजक पौडेलले विवरण मिसम्याच भएका व्यवसायीले कम्तीमा एक-दुई दिनभित्रै विवरण बुझाउने वातावरण बनेको पनि जानकारी दिए। उनले यसअघि कारबाहीको सूचीमा परेकाहरूमध्ये १८ व्यवसायीले फिजिकल अर्थात् विवरणको सक्कल प्रति बुझाएको कारणले सफाइ पाएको भन्दै विभागमा तत्कालै विवरण बुझाउन आग्रह गरे। संयोजकले विवरण मिसम्याच भएका व्यवसायीले कम्तीमा एक-दुई दिनभित्रै विवरण बुझाउने वातावरण बनेको पनि जानकारी दिए।

विवरण बुझाउने व्यवसायीलाई विभागले सकारात्मक तरिकाले लिइरहेको भन्दै पौडेलले आफूले विवरण बुझाएको मेलको अर्धकट्टी वा निवेदनका प्रतिलिपि बुझाउन पटक-पटक भ्वाइस म्यासेज पठाउँदा करिब २४ व्यवसायीले कुनै विवरण नपठाएको पाइएको बताए। पौडेलले सकेसम्म छिटो आफूसँग रहेको प्रमाण विभागमा पेस गर्न पनि आग्रह गरे।

साउनमा

३ हजार ७ सय ६९, कुवेतमा २ हजार ५ सय ५, कतारमा १ हजार ८ सय २५, साइप्रसमा ८ सय ६४, ओमानमा ८ सय ७, बहराइनमा ३ सय ७, माल्दिभ्समा २ सय ४२, जोर्डनमा २ सय ४२, जापानमा २ सय ३७, मौरिससमा ९५, मकाउमा ८ र हङकङमा १ जना गएका छन्।

साउनमा २७ हजार ७ सय ४८ जनाको पुनः श्रम स्वीकृति भएको छ। सरकारले 'जिटुजी' मार्फत पठाउने दक्षिण कोरिया र इजरायलका लागि ७ सय १२ जनाको श्रम स्वीकृति भएको छ। समग्रमा साउनमा मुख्य श्रम गन्तव्य युएईमा सबैभन्दा बढी १८ हजार ७ सय ८४ जनाको श्रम स्वीकृति भएको छ। त्यसपछि मलेसियाका लागि १२ हजार ४ सय ९८, कतारका लागि १० हजार ३ सय ६० र साउदी अरेबियाका लागि ८ हजार ६ सय १३ जनाको श्रम स्वीकृति भएको छ।

सरकारले युरोपेली मुलुकहरूको मागपत्र प्रमाणीकरण सहज नबनाउँदा नेपाली श्रमिकका लागि खाडी मुलुक र मलेसिया नै परम्परागत र बाध्यताको गन्तव्यका रूपमा रहेको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन्।

व्यवसायीहरूले ठूलो जनादेशबाट बनेको सरकारले कम तलब र जोखिमयुक्त गन्तव्य परिवर्तनका लागि ठोस पहल नगरेको गुनासो गरेका छन्।

साउनमा धेरै...

छ। आकर्षण इन्टरनेसनल प्रा.लि.- ४ सय ९२ जना कामदार पठाउँदै दोस्रो र अल स्किल इन्टरनेसनल ह्युमन रिसोर्स प्रा.लि.- ४ सय १२ जना कामदार पठाउँदै तेस्रो स्थानमा रहेका छन्। आकर्षण इन्टरनेसनलले आफूले पूर्णरूपमा शून्य लागतमा श्रमिक पठाउने गरेको बताएको छ।

धेरै श्रमिक पठाउने म्यानपावर कम्पनी :

प्याराडाइज इन्टरनेसनल प्रा.लि.- ४९८
आकर्षण इन्टरनेसनल प्रा.लि.- ४९२
अल स्किल इन्टरनेसनल ह्युमन रिसोर्स प्रा.लि.- ४१२
ब्रदर्स इन्टरनेसनल इम्प्लोइमेन्ट प्रा.लि.- ३८२
एड्भान्स म्यानेजमेन्ट कन्सल्ट्यान्ट्स प्रा.लि.- ३६१
इन्टरनेसनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.- ३५३
भूमिपुत्र फरेन इम्प्लोइमेनट सर्भिस प्रा.लि.- ३३४
इन्डेक्स रिक्रुटमेन्ट प्रा.लि.- ३२०
मास ह्युमन रिसोर्स प्रा.लि.- ३००
मोन्टेज ओभरसिज प्रा.लि.- २१५
अक्सफोर्ड इन्टरनेसनल प्रा.लि.- २१५
मोभिरा रिक्रुटमेन्ट कन्सल्ट्यान्ट्स सर्भिस प्रा.लि.- २१४
जब सिकर म्यानपावर प्रा.लि.- २०७
इन्टरपिड रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १९३
पर्फेक्ट रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १८९
सिगल इन्टरनेसनल ग्लोबल एच.आर. कन्सल्ट्यान्ट्स प्रा.लि.- १८७
स्ट्राइकफोर्स एसिया रिक्रुटमेन्ट प्रा.लि.- १७६
आइडियल इन्टरनेसनल रिक्रुटमेन्ट प्रा.लि.- १७२
कन्टिनेन्टल एच.आर.डी. कन्सल्ट्यान्ट्स प्रा.लि.- १७१
स्काई स्टार रिक्रुटमेन्ट प्रा.लि.- १६३
वर्ल्ड नेट रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १६१
लक्की एच.आर. सोलुसन प्रा.लि.- १६०
अल शाहिद ओभरसिज प्रा.लि.- १५८
मेरिडियन ओभरसिज प्रा.लि.- १५८
थिंक बिज इन्टरनेसनल प्रा.लि.- १५७
योभान्ट रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १५६
डि.एन. म्यानपावर प्रा.लि.- १५४
एयर किंग्स प्लेसमेन्ट प्रा.लि.- १५३
अल-जफर इन्टरनेसनल प्रा.लि.- १५३
वाहा म्यानपावर सप्लायर प्रा.लि.- १५१
ग्रेट नेपाल एच.आर प्रा.लि.- १५०
राज ग्रुप अफ कम्पनी प्रा.लि.- १४८
एमिनेन्स रिक्रुटमेन्ट इन्टरनेसनल प्रा.लि.- १४८
एससिसी म्यानपावर कम्पनी प्रा.लि.- १४४
टाइटेनिक म्यानपावर सप्लायर प्रा.लि.- १४४
एच.एम.टी. ओभरसिज प्रा.लि.- १४३
भिजन एन्ड भ्यालु ओभरसिज प्रा.लि.- १४२
एसिया लिंक सर्भिसेस प्रा.लि.- १४१
एसओएस म्यानपावर सर्भिस प्रा.लि.- १४१
डिके रिभर ओभरसिज प्रा.लि.- १४०
एम्स ओभरसिज प्रा.लि.- १३८
रिलायबल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.- १३२
हिमालयन ह्युमन रिसोर्सेस नेपाल प्रा.लि.- १३१
एपिआई म्यानपावर सोलुसन्स प्रा.लि.- १३०
लक्ष्मी रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १२७
सेरोन म्यानपावर सर्भिस प्रा.लि.- १२४
द रिभर ओभरसिज प्रा.लि.- १२४
इन्डो अरब म्यानपावर प्रा.लि.- १२४
सिवाकोटी म्यानपावर सर्भिस प्रा.लि.- ११३
कोशी इन्टरनेसनल सर्भिसेस प्रा.लि.- ११२
ह्वाइट हर्स इन्टरनेसनल प्रा.लि.- ११०
कालिका ह्युमन रिसोर्स प्रा.लि.- १०९
आयुष ओभरसिज प्रा.लि.- १०८
दाना ह्युमन रिसोर्स नेपाल प्रा.लि.- १०८
आर.ए. इन्टरनेसनल इम्प्लोइमेन्ट एजेन्सी प्रा.लि.- १०८
ओशो रिक्रुटमेन्ट एजेन्सी प्रा.लि.- १०८
साउन्डलाइन्स रिक्रुटमेन्ट प्रा.लि.- १०६
परामाउन्ट इम्प्लोइमेन्ट कन्सल्ट्यान्ट्स प्रा.लि.- १०६
आर.के. एच.आर. सोलुसन प्रा.लि.- १०५
मिनावा रिक्रुटमेन्ट एच.आर. प्रा.लि.- १०५
सोसियल इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.- १०२
रिक्रुटमेन्ट पार्टनर प्रा.लि.- १०१
एम.बी. ह्युमन रिसोर्स प्रा.लि.- १०१
नील कमल ह्युमन रिसोर्स प्रा.लि.- १०१
चाँदनी रिक्रुटमेन्ट सर्भिस सेन्टर प्रा.लि.- १००

सपना...

एक तेक्वान्दोको खुम्चिएको सहभागिताले पनि यसपटकको एसियाडमा खेलाडीको संख्या घटेको हो। अर्कोतर्फ कराते, कबड्डी, बक्सिङ, उसु र क्रिकेटमा नेपालको आशा बलियो बनेको छ। विदेशमा प्रशिक्षण, काठमाडौंमा बन्द प्रशिक्षण र 'मिसन २०२६' अन्तर्गत गरिएको विशेष तयारीले नेपालले यसपटक विगतभन्दा राम्रो प्रदर्शन गर्ने अपेक्षा गरिएको छ।

टिम खेलतर्फ नेपालले पुरुष क्रिकेट, महिला भलिबल तथा पुरुष र महिला कबड्डीमा सहभागिता जनाउनेछ। बाँकी १९ खेल व्यक्तिगत विधाका छन्।

सबैभन्दा धेरै खेलाडी कबड्डीमा छन्। महिला र पुरुष दुवै टोलीमा १२-१२ गरी २४ खेलाडी छन्। पुरुष क्रिकेटमा १५ र महिला भलिबलमा १२ खेलाडी छन्।

एसियाली खेलकुदको इतिहासमा नेपालले हालसम्म तीन रजत र २३ कास्यसहित कुल २६ पदक जितेको छ। नेपालले हालसम्म एसियाली खेलकुदमा स्वर्ण पदक जित्न सकेको छैन। यसपटक भने पहिलो स्वर्णसहित दोहोरो अंकको पदक जित्ने लक्ष्य नेपालको छ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्य-सचिव रामचरित्र मेहताले आगामी एसियाली खेलकुदलाई लक्षित गर्दै नेपालको तयारी तीव्र रूपमा अघि बढिरहेको बताए। उनले २२ वटा खेलका लागि कुल १३७ जना खेलाडी अन्तिम रूपमा छनोट भइसकेको जानकारी दिए।

मेहताका अनुसार सुरुमा १३६ जना खेलाडीको नामावली सार्वजनिक गरिएको थियो। तर, तेक्वान्दो खेलमा वाइल्ड कार्डमार्फत थप एक खेलाडी समावेश भएपछि संख्या १३७ पुगेको हो। यी खेलाडीलाई दुई चरणमा क्लोज क्याम्पमा राखेर प्रशिक्षण दिइँदै आएको उनले जानकारी दिए। एसियाली खेलकुद नजिकिँदै जाँदा सरकार तथा राष्ट्रिय खेलकुद परिषद्ले तयारीलाई अझ गम्भीर र व्यवस्थित बनाउँदै सम्पूर्ण प्रक्रिया तीव्र गतिमा अघि बढाएको सदस्य-सचिव मेहताले बताए।

सदस्य-सचिव मेहताले मध्यान्हसँग भने, 'एसियाडमा सहभागी हुने सबै खेलाडीको सबै व्यवस्था सरकारले गरेको छ, प्रतियोगिता नजिकिँदै जाँदा हामीले तयारीलाई अझ गम्भीर र व्यवस्थित बनाएका छौं, सम्पूर्ण प्रक्रिया तीव्र गतिमा अघि बढाएका छौं।'

किन घटे खेलाडी ?

सन् २०२५मै एसियाडका लागि नेपालले पठाउने खेलको सूचीलाई लिएर सरकार र नेपाल ओलम्पिक कमिटीबीच मतभेद देखिएको थियो। सरकारी पक्ष र एनओसीबाट फरक-फरक खेल समेटिएका सूची बाहिर आएपछि नेपालको एसियाड सहभागितामै प्रश्न उठेको थियो। कुन खेललाई प्राथमिकता दिने ? कुन खेलमा पदकको सम्भावना छ ? कुन खेलाडीलाई जापान पठाउने ? सहभागिताको अन्तिम निर्णय कसले गर्ने ? यी प्रश्नमा देखिएको असमझदारीले खेलाडीको तयारीलाई पनि प्रभावित पार्ने चिन्ता व्यक्त भएको थियो। तर, पछि राखेप र एनओसीबीच समन्वय गरेर एसियाडको तयारी अघि बढाउने सहमति बनेको थियो। सहमतिपछि प्रारम्भिक सूचीमा ३२ खेलमा ४३४ खेलाडीको नाम एसियाड खेल्ने सूचीमा समावेश गरिएको थियो।

एक वर्षअघि प्रारम्भिक सूचीमा करिब ४३४ खेलाडी समावेश गरिए पनि अन्तिम सूचीमा संख्या घटेर १३७मा सीमित हुनुको कारणबारे राखेपका सदस्य-सचिव मेहताले नयाँ छनोट प्रणाली जिम्मेवार रहेको बताए। उनका अनुसार यसपटक खेलाडी छनोट प्रक्रिया अघिल्लोभन्दा फरक र वैज्ञानिक ढंगले गरिएको छ, जसमा क्वालिफाइङ मापदण्ड, र्‍याकिङ र प्रतिस्पर्धात्मक छनोटलाई प्राथमिकता दिइएको छ।

'पहिलाजस्तो केवल सिफारिसका आधारमा होइन, अहिले योग्यताको आधारमा छनोट गरिएको छ,' उनले भने, 'त्यसैले प्रारम्भिक ठूलो सूचीबाट योग्य खेलाडी छनोट हुँदै अन्तिम सूची सानो भएको हो।'

विवाद र तयारी कमजोर भएकाले खेलाडी संख्या घटाइएको नभई कडा छनोट प्रक्रियाका कारण योग्य खेलाडी मात्र अन्तिम सूचीमा परेको मेहताको दाबी छ। उनका अनुसार प्रारम्भिक रूपमा सयौं खेलाडीको नाम आए पनि विभिन्न चरण पार गरेर अन्ततः उत्कृष्ट खेलाडीहरू मात्र छनोट गरिएको हो। मेहताले समग्र तयारी सुदृढ रहेको र यसपटक एसियाली खेलकुदमा नेपालले राम्रो प्रदर्शन गर्ने विश्वास व्यक्त गरे।

'मिसन २०२६' : स्वर्णको सपना

सन् २०२३मा भएको हाङझाउ एसियाड सकिएपछि नेपालले अर्को एसियाडलाई लक्षित गरेर विशेष तयारीलाई अगाडि बढायो। यही तयारीलाई 'मिसन २०२६' नाम दिइयो। लक्ष्य थियो- एसियाडमा स्वर्ण जित्ने र पदक संख्या दोहोरो अंकमा पुर्‍याउने।

मिसनअन्तर्गत कराते, बक्सिङ, उसु, तेक्वान्दो, एथलेटिक्स, जुडो, कुस्ती, कबड्डी, महिला भलिबल, गल्फलगायत खेलका खेलाडीलाई विशेष प्रशिक्षणमा राखिएको थियो। विभिन्न चरणमा खेल थपिँदै गए। एउटा चरणमा ९९ खेलाडी र २२ प्रशिक्षक विशेष प्रशिक्षणमा सहभागी हुने व्यवस्था गरिएको थियो। मिसन २०२६को उद्देश्य सामान्य प्रशिक्षणभन्दा फरक थियो। सम्भावना भएका खेलाडीलाई लामो समयसम्म विशेष तयारी गराउने, अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलाउने र एसियाली स्तरको प्रतिस्पर्धाका लागि तयार पार्ने भनिएको थियो। सोहीअनुसार खेलाडीले प्रशिक्षण गरेको राष्ट्रिय टिम तयारीका निर्देशक विष्टले जानकारी दिए।

'मिसन २०२६' अन्तर्गत १० वटा खेल र एक पारा खेल गरी कुल ११ खेलमा तीन वर्षदेखि निरन्तर तयारी गरिएको उनले बताए। यस अवधिमा विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भएर टोलीले सकारात्मक नतिजा हासिल गरेको उनको भनाइ छ। उक्त नतिजालाई आधार मान्दै यसपटक अझ राम्रो प्रदर्शन गर्ने आत्मविश्वास टोलीमा रहेको विष्टले उल्लेख गरे।

उनले भने, 'मिसन २०२६मा हामीले निरन्तर तीन वर्ष तयारी गरेका छौं, त्यसले गर्दा बीचमा भएका धेरै टुर्नामेन्टमा हामीले राम्रो नतिजा हासिल गर्‍यौं। त्यो नतिजालाई हेरेर एसियाडमा राम्रो नतिजा ल्याउन सक्छौं भन्ने हाम्रो विश्वास छ।'

कास्य जोगाउने चुनौती

हाङझाउमा महिला कबड्डीले कास्य जित्दा नेपालमा ठूलो उत्साह थियो। यसपटक नेपालले महिला मात्र होइन, पुरुष कबड्डी टोली पनि एसियाडमा पठाउँदै छ। कुल २४ खेलाडी छन्।

महिला टोलीमा अघिल्लो एसियाडको अनुभव भएका खेलाडी छन्। पुरुष टोलीका लागि भने एसियाडको ठूलो मञ्चमा आफूलाई प्रमाणित गर्ने अवसर हो। कबड्डीका खेलाडीलाई भारतमा प्रशिक्षणको अवसर दिइएको छ।

भारत विश्वकै बलियो कबड्डी शक्ति हो। त्यसैले त्यहाँको प्रशिक्षण नेपाली टोलीका लागि उपयोगी मानिएको छ। तर, अभ्यास र प्रतियोगिताको दबाब फरक हुन्छ। नेपालले कबड्डीमा पदकको आशा गर्नुको कारण अघिल्लो प्रदर्शन हो। तर, एसियाडको स्तरमा एउटा पदक जोगाउनु पनि सजिलो काम भने होइन।

खुम्चिँदै तेक्वान्दो

कुनै समय तेक्वान्दो नेपाली खेलकुदको पहिचानकै रूपमा स्थापित थियो। अन्तर्राष्ट्रिय मञ्चमा सफलता दिलाउने प्रमुख खेलका रूपमा यसको नाम अग्रपंक्तिमा आउँथ्यो, र यस खेलका खेलाडी पनि निकै चर्चित र प्रभावशाली मानिन्थे।

ओलम्पिकसम्म पुग्ने संगिना वैद्य र दीपक विष्टदेखि विश्व तेक्वान्दो च्याम्पियनसिपमा नेपालको पहिलो पदक दिलाउने विधान लामा तथा एसियाडमा ऐतिहासिक रजत जित्ने सविता राजभण्डारीसम्मका खेलाडीले नेपाली तेक्वान्दोलाई उचाइमा पुर्‍याएका थिए। दीपक विष्टले एसियाडमा लगातार दुईपटक पदक जितेका थिए। तेक्वान्दो भन्नासाथ नेपाली खेलकुदमा अन्तर्राष्ट्रिय सफलता र चर्चित खेलाडीको लामो सूची सम्झिन्छ। तर, पछिल्लो समय गर्विलो इतिहास बोकेको तेक्वान्दो खुम्चिँदै गएको छ। पछिल्ला एसियाडमा तेक्वान्दोबाट पदक आउन सकेको छैन।

यसपटकको एसियाडमा तेक्वान्दोबाट नेपालको सहभागिता अझै सानो छ। तेक्वान्दोबाट तीन खेलाडीले मात्र एसियाडमा सहभागिता जनाउँदै छन्। नेपालले सिधै छनोट नभई वरीयता र वाइल्ड कार्डको आधारमा मात्र अवसर पाएको हो। जसमा फाइट विधामा एक मात्र खेलाडी अभिषेक बराल छन् भने पुम्सेमा पुरुषतर्फ युवराज राना र महिलातर्फ स्वस्तिका तामाङ छन्।

क्रिकेटमा आशा

नेपालको क्रिकेट अहिले अन्तर्राष्ट्रिय स्तरमा सबैभन्दा धेरै चर्चा पाउने खेल हो। एसियाडका लागि पुरुष क्रिकेट टोलीमा १५ खेलाडी छन्। दीपेन्द्रसिंह ऐरीको कप्तानीमा सन्दीप लामिछाने, रोहितकुमार पौडेल, सोमपाल कामी, करण केसी, आरिफ शेख, आसिफ शेख, कुशल भुर्तेल, ललित राजवंशी, गुल्सन झा, नन्दन यादव, लोकेश बम, सन्दीप जोरा, शेर मल्ल र कुशल मल्ल टोलीमा छन्।

क्रिकेट टोलीको तयारी अन्य खेलको तुलनामा फरक छ। अन्तर्राष्ट्रिय प्रतियोगितामा निरन्तर खेलिरहेको नेपाली टोलीले एसियाडअघि पनि विदेशमा प्रतियोगिता र अभ्यास खेलको अवसर पाउनेछ। यही कारण क्रिकेटलाई पदकको सम्भावना भएको टिम गेमका रूपमा हेरिएको छ। तर, क्रिकेटमा पनि दक्षिण एसियाली र एसियाली बलिया टोलीसँगको प्रतिस्पर्धा चुनौतीपूर्ण हुनेछ।

ई-स्पोर्ट्स किन परेन ?

यसपटकको एसियाड तयारीमा सबैभन्दा धेरै चर्चा पाएको विवादमध्ये एउटा ई-स्पोर्ट्स हो। नेपाली ई-स्पोर्ट्स खेलाडीले एसियाडका लागि छनोट प्रतियोगिता पार गरेका थिए। तर, अन्तिम नेपाली टोलीमा ई-स्पोर्ट्स परेन।

गत जुन १३ देखि २१ सम्म भियतनाममा भएको छनोट प्रतियोगितामा सातौं स्थान हासिल गर्दै नेपाली टोलीले एसियाडमा आफ्नो स्थान सुरक्षित गरेको थियो। टोलीमा समिर कोस्टेल्लो (जेयो), रोहित तामाङ (जोर्डी), दीपेश गुरुङ (डेल्टा एक्स), सौरभ तामाङ (टिएमजी-८) र सोनु कार्की (बाइबाइ)जस्ता प्रतिभाशाली खेलाडी थिए। यसअघि चीनमा भएको १९औं एसियाडमा पाँचौं स्थान हासिल गरेको यो टोली यसपटक पदक जित्ने लक्ष्य र दह्रो विश्वासका साथ तयारीमा जुटेको थियो।

अन्तर्राष्ट्रिय मान्यताप्राप्त नेपाल ई-स्पोर्ट्स एसोसिएसन र राखेपमा दर्ता भएको ई-स्पोर्ट्स एसोसिएसन अफ नेपालबीचको अस्तित्वको लडाइँले खेलाडीको एसियाड सपना नै टुंग्याइदियो। ई-स्पोर्ट्स एसोसिएसन अफ नेपालले पठाएको प्रारम्भिक सूचीमा वास्तविक छनोट भएका खेलाडीको नाम नहुनु र संघबीच समन्वय नहुनु नै यसको प्रमुख कारक बन्यो। खेलकुद मन्त्रालयले समयमै खेलाडी दर्ता नभएको दाबी गरिरहँदा नेपाल ई-स्पोर्ट्स एसोसिएसनले भने सरकारले आफूहरूको कुरा नसुनेको र आफैं दर्ता गर्न जाँदा पनि बेवास्ता गरिएको आरोप लगाएको छ।

राखेपका अनुसार प्रारम्भिक नामावली तयार गर्दा आधिकारिक रूपमा दर्ता रहेको ई-स्पोर्ट्स संघसँग समन्वय गरेर खेलाडीको नाम समावेश गरिएको थियो। पछि अर्को संस्था नेपाल ई-स्पोर्ट्स संघले पनि गतिविधि गरिरहेको जानकारी पाएपछि राखेपले समन्वयका लागि पत्राचार गरेको थियो। निर्धारित समयभित्र आवश्यक प्रक्रिया पूरा नभएको र सम्बन्धित आधिकारिक संघबाट सिफारिस भएका खेलाडी छनोट हुन नसकेको जानकारी आएपछि ई-स्पोर्ट्स टोली सहभागी हुन नसकेको राखेपको भनाइ छ।

कस्तो ...

प्रशिक्षणमा जुटिरहेका छन्। केही खेलाडी देशभित्र प्रशिक्षण गरिरहेका छन् भने धेरै खेलाडी विदेशमा रहेका छन्। उनले करिब ८५ जना खेलाडीले विदेशमा प्रशिक्षण गरिरहेको बताए।

विष्टले मध्यान्हसँग भने, 'यसपालि हामी सबैजना गम्भीरतापूर्वक लागिराखेका छौं, नयाँ इतिहास रच्ने लक्ष्यसहित सबै खेलाडी एकजुट भएर लागिपरेका छन्।'

विष्टका अनुसार कबड्डी र बक्सिङ टोली भारतमा प्रशिक्षणरत छन् भने गल्फ खेलाडी अमेरिका, भारत र थाइल्यान्डमा अभ्यास गरिरहेका छन्। यस्तै, र्‍याफ्टिङ तथा क्यानोइङ टोली जापान र थाइल्यान्डमा छन् भने कुस्ती टोली भारतमै प्रशिक्षणमा रहेको विष्टले बताए। साइक्लिङका एक खेलाडी क्यानाडामा अभ्यास गरिरहेका छन् भने टेबल टेनिस टोली कोरियामा तयारीमा जुटेको छ। अन्य केही खेलका खेलाडी पनि चाँडै जापान प्रस्थान गर्ने तयारीमा रहेका छन्।

विष्टका अनुसार यसपटक सम्पूर्ण टोलीलाई एउटै होटलमा राखेर नयाँ अभ्यास सुरु गरिएको छ। साथै खेलाडीको बिमा, स्वास्थ्य सेवा, मनोरञ्जन, मोटिभेसन तथा मनोवैज्ञानिक कक्षा सञ्चालन गरिएको छ, जसले खेलाडीको समग्र प्रदर्शन सुधार गर्न मद्दत

श्री बायोटेक डिष्ट्रीलरी प्रा.लि. प्रसौनी- १ बारा

मूल्यसूचि सम्बन्धी सूचना

यस उद्योगबाट उत्पादित मदिराहरुको मूल्यसूची अर्को सूचना प्रकाशित नहुँदा सम्मको लागि मिति २०८३/०५/०३ गते देखि नेपालभरी लागू हुने गरी तल उल्लेखीत मूल्यमा खरिद एवम् बिक्री वितरण गर्ने र गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Price List Effective from 2083-05-03

Brand Name	Strenght	size	Regional Distributors		Distributors		Whole seller		Retailer		Consumer	
			Per case	commision	Per case	commision	Per case	commision	Per case	commision	Per case	commision
365 Days	40 UP	750 ML	11750	100	11850	605	12455	705	13160	1000	14160	1180
	40 UP	375 ML	11750	100	11850	605	12455	705	13160	1000	14160	590
	40 UP	180 ML	11750	100	11850	605	12455	705	13160	1000	14160	295
365 Days Black	40 UP	750 ML	14440	150	14590	760	15350	800	16150	1130	17280	1440
	40 UP	375 ML	14440	150	14590	760	15350	800	16150	1130	17280	720
	40 UP	180 ML	14440	150	14590	760	15350	800	16150	1130	17280	360
Royal Legacy	40 UP	750 ML	11900	100	12000	640	12640	635	13275	1365	14640	1220
	40 UP	375 ML	11900	100	12000	640	12640	635	13275	1365	14640	610
	40 UP	180 ML	11900	100	12000	640	12640	635	13275	1365	14640	305
Blue Shine	50 UP	180 ML			6750	300	7050	350	7400	520	7920	165
Badshah Gold	70 UP	300 ML	1100		1175	50	1225	60	1285	275	1560	52
Tufan Lemon	70 UP	300 ML	1060	40	1150	50	1200	60	1260	240	1500	50
Charger Apple Clape Litchi Clape Apple Clape Orange	70 UP	300 ML	1060	40	1150	550	1200	60	1260	240	1500	50
Yatra Saufi	70 UP	300 ML	1050	50	1100	550	1150	60	1210	170	1380	46

नोट : उपरोक्त मूल्यमा अन्तःशुल्क, मू.अ.कर, कर तथा सबै कर समावेश गरिएको साथै ढुवानी खर्च अतिरिक्त लाग्ने छ।

प्रधानमन्त्रीसँग भारतीय सेनाध्यक्षको शिष्टाचार भेट

काठमाडौं/मस– प्रधानमन्त्री वालेन्द्र शाहसँग भारतका स्थल सेनाध्यक्ष जनरल धीरज सेठले शिष्टाचार भेट गरेका छन् ।

रक्षामन्त्रीसमेत रहेका प्रधानमन्त्री शाहसँग सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सेनाध्यक्ष सेठले मंगलबार शिष्टाचार भेटवार्ता गरेका प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले जानकारी दिएकी छिन् । उक्त भेटमा नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवसमेत सहभागी थिए ।

प्रधान सेनापति अशोकराज सिग्देलको औपचारिक निमन्त्रणमा सेनाध्यक्ष सेठ चारदिने भ्रमणको सिलसिलामा आइतबार काठमाडौं आएका हुन् । पाँच सदस्यीय भ्रमण दलमा उनकी धर्मपत्नी कोमल सेठ पनि छिन् ।

सेनाध्यक्ष सेठलाई सोमबार राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गरेका थिए । राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा उहाँलाई मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गरिएको हो । नेपाल र भारतबीच सन् १९५० देखि एक-अर्को देशका सेना प्रमुखलाई मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गर्ने परम्परा छ ।

जनकवि दुर्गालालको राष्ट्रिय सम्मानका साथ अन्त्येष्टि

काठमाडौं/मस– जनकवि दुर्गालाल श्रेष्ठको राष्ट्रिय सम्मानका साथ अन्त्येष्टि गरिएको छ । काठमाडौंको शोभा भगवतीघाटमा श्रेष्ठको पार्थिव शरीरमा राष्ट्रिय झण्डा ओढाउँदै गृहमन्त्री सुधन गुरुङ, ऊर्जामन्त्री विराजभक्त श्रेष्ठसहित विशिष्ट व्यक्तिहरूले अन्तिम श्रद्धाञ्जली अर्पण गरेका थिए । नेपालभाषा साहित्य तथा नेपाली साहित्यको क्षेत्रमा अतुलनीय योगदान पुर्‍याएका श्रेष्ठको अन्तिम विदाइमा हजारौंको सहभागिता थियो । कविता, गीत, नाटक, बालसाहित्य र अनुवादमार्फत आठ दशकभन्दा लामो समय साहित्यमा सक्रिय दुर्गालाल श्रेष्ठले सिर्जना मात्र गरेनन्, भाषा, पहिचान, सामाजिक न्याय, समानता र स्वतन्त्रताका पक्षमा निरन्तर आवाज पनि उठाइरहे ।

सरल, लयात्मक र जनजीवनसँग जोडिएको उनको लेखनले श्रेष्ठलाई नेपालभाषा र नेपाली साहित्यमा विशिष्ट पहिचान दिलाएको थियो । जनकवि श्रेष्ठको निधनसँगै नेपाली साहित्यले एउटा बहुआयामिक स्रष्टा गुमाएको छ । साहित्यका विभिन्न विधामा सशक्त उपस्थिति जनाएका जनकवि दुर्गालाल श्रेष्ठको साहित्यिक यात्रा बाल्यकालदेखि नै सुरु भएको थियो । ११ वर्षकै उमेरमा लेखनमा प्रवेश गरेका

श्रेष्ठले साथीहरूसँग मिलेर नाटक लेख्ने, खेल्ने र मञ्चन गर्ने क्रममा आफ्नो सिर्जनशीलतालाई अघि बढाए। नाटकसँगै गीत लेखनतर्फ आकर्षित भएका उनले पछि कविता र गीतका क्षेत्रमा पनि विशिष्ट स्थान बनाए । प्रेम र वियोगका अनुभूतिबाट सुरु भएको उनको काव्ययात्रा समयसँगै समाजका गहिरा प्रश्नतर्फ मोडियो । अभाव, अन्याय, अत्याचार र मानवीय पीडालाई कविताको विषय बनाउँदै उनले सामाजिक चेतनाका सशक्त आवाजका रूपमा आफूलाई स्थापित गरे । नेपाल भाषा उनको मातृभाषा थियो । त्यसैले भाषा र समुदायको पहिचान उनका सिर्जनाको महत्वपूर्ण आधार बने । तर, उनको सिर्जनाको दायरा आफ्नै समुदायमा मात्र सीमित थिएन। गरिबी, भोक, विभेद र पीडामा बाँचिरहेका मानिसको आवाजलाई उनले साहित्यको केन्द्रमा राखे ।

स्वर्गीय श्रेष्ठ कवि मात्र होइनन्, प्रभावशाली गीतकार पनि थिए । उनका सयौं गीत रेकर्ड भएका छन् । प्रेम, सौन्दर्य र वियोगदेखि सामाजिक जागरण, विद्रोह, भाषा तथा अधिकारका विषय उनका गीतमा भेटिन्छन् । 'फूलको आँखामा फूलै संसार' जस्ता गीत नेपाली संगीतप्रेमीमाझ आज पनि उत्तिकै लोकप्रिय छन् भने 'सय थरी बाजा एउटै ताल' जस्ता राष्ट्रिय भावना जगाउने गीतका सर्जक पनि उनै हुन् । उनका कतिपय गीत जनजीवनसँग यति नजिक छन् कि ती लोकगीतझैं स्थापित भएका छन् । कविता र गीतसँगै नाटक, बालसाहित्य र अनुवादमा पनि उनको महत्वपूर्ण योगदान रह्यो। उनका प्रकाशित कृति छ दर्जनभन्दा बढी छन् भने बालसाहित्यतर्फ मात्रै दुई दर्जनभन्दा बढी कृति छन् । सरल, सुस्पष्ट, लयात्मक र मधुर भाषाशैली तथा स्थानीय समाज, संस्कार र परम्पराबाट आएका शब्द र बिम्बको प्रयोग उनका लेखनका विशेषता हुन् ।

विदेशमा अलपत्र नेपालीको उद्धारमा सरकार नीतिगत द्विविधामा

मध्यान्ह संवाददाता
काठमाडौं, २ भदौ

परराष्ट्रमन्त्री शिशिर खनालले भिजिट भिसा वा अन्य प्रक्रियाबाट विदेश गएर अलपत्र पर्ने नेपालीलाई सहयोग गर्न सरकार समस्यामा रहेको बताएका छन् । धादिङको धुनिवेशी नगरपालिका-जुगाडीका सन्तोष राईको कम्बोडियामा उपचारका क्रममा मृत्यु भएको र शव नेपाल ल्याउन ढिलाइ भएको विषयमा राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद आशिका तामाङले मन्त्री खनालसमक्ष प्रश्न उठाएकी थिइन् ।

१४ मे २०२६ मा कम्बोडियाको कालमेट अस्पतालमा उपचारका क्रममा मृत्यु भएका राईको शव हाल कम्बोडियाको नोमपेन्हस्थित अस्पतालमा राखिएको छ । मन्त्री खनालले अवैधानिक रूपमा जाने र समस्यामा पर्नेहरूलाई सहयोग

गर्दा अवैधानिक प्रक्रियालाई प्रश्रय दिएको ठहरिने भएकाले सरकार नीति निर्माणको ठूलो दुविधामा अल्झिएको पनि बताए । उनले भने, 'सरकार नागरिकको संरक्षणसँगै करदाताले तिरेको रकमको उचित र कानुनी रूपमा सदुपयोग गर्ने दायित्वमा पनि छ । आफ्नो नागरिकको संरक्षण गर्नु र करदाताले तिरेको रकमको सही ठाउँमा प्रयोग गर्नु सरकारको दायित्व हुने भएकाले मानवीय दृष्टिले उद्धार गर्नुपर्ने अवस्था भए पनि वैध रूपमा आर्जन भएको सार्वजनिक रकम अवैधानिक क्रियाकलापलाई प्रोत्साहित गर्ने गरी प्रयोग हुन्छ कि भनेर गम्भीर हुनुपर्ने अवस्था रहेको छ ।' सो अवसरमा उनले पछिल्लो चार महिनामा मात्रै १ सय ६० नेपाली नागरिकको शव र कम्बोडियामा स्क्याम सेन्टरबाट ८ सय ६० नेपालीलाई उद्धार गरी नेपाल ल्याइएको प्रसंग उल्लेख गरे ।

मन्त्री खनालले राईको शव नेपाल ल्याउन ६ लाख अमेरिकी डलर खर्च लाग्ने भन्दै त्यो रकम खर्च गर्न मन्त्रालयसँग कार्यविधि नरहेको बताए । विदेशमा अलपत्र परेका नेपाली नागरिकको उद्धार, राहत तथा घरफिर्तीका लागि कार्यविधि २०८३ तयार गरी हाल अर्थ मन्त्रालयमा सहमतिका लागि पठाएको भन्दै उनले कार्यविधि जारी भएपछि सहयोगको काम अघि बढ्ने बताए ।

परासीमा अर्थोपेडिक तथा स्पाइनसम्बन्धी विशेषज्ञ सेवा विस्तार

बिनोद निगम/मध्यान्ह
नवलपरासी, २ भदौ

पश्चिम नवलपरासीको सदरमुकाम परासीमा हड्डी, जोर्नी, मेरुदण्ड (स्पाइन) तथा क्यान्सरसम्बन्धी शल्यक्रियासहितको विशेषज्ञ स्वास्थ्य सेवा विस्तार भएको छ । जिल्लाका बिरामीलाई आफ्नै क्षेत्रमा गुणस्तरीय र विशेषज्ञ उपचार सेवा उपलब्ध गराउने उद्देश्यले अर्थोपेडिक स्पेसियलिटी क्लिनिक सञ्चालनमा ल्याइएको हो ।

लामो समयदेखि हड्डी, जोर्नी तथा मेरुदण्डसम्बन्धी समस्या भएका बिरामी उपचारका लागि जिल्लाबाहिर तथा भारतका विभिन्न शहरमा जानुपर्ने बाध्यता रहँदै आएको अवस्थामा परासीमै विशेषज्ञ सेवा सुरु भएपछि स्थानीय बिरामीलाई

केही हदसम्म राहत पुग्ने अपेक्षा गरिएको छ । क्लिनिकमा बिरामीको स्वास्थ्य अवस्था, रोगको प्रकृति र आवश्यकताअनुसार विभिन्न प्रकारका अर्थोपेडिक उपचार तथा शल्यक्रिया सेवा उपलब्ध गराइने जनाइएको छ । हात, खुट्टा, हड्डी, जोर्नी, मेरुदण्ड तथा स्पाइनसम्बन्धी समस्याको विशेषज्ञ परीक्षण तथा उपचारसँगै आवश्यकताअनुसार औषधि, शल्यक्रिया र नियमित फलोअप सेवा प्रदान गरिने क्लिनिकले जनाएको छ ।

VACANCY ANNOUNCEMENT

एक प्रतिष्ठित मेनपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

- Secretary -2 (Male/Female)
  Bachelor Pass and experience in Manpower fields
- Documentation -2 (Male/Female)
- Pro -10 (Male/Female)
  +2 Pass and experience in Manpower fields

SALARY NEGOTIABLE

OSHO Recruiting Agency
OSHO RECRUITING AGENCY PVT.LTD. LIC. No. 795/065/066
New Baneshwor-10, Kathmandu
OFFICE:01-5244213, CELL :9841574642, 9810245477

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०६/३१ मा दर्ता भएको **प्रा.लि. नं. १७६६९७** को **वि.एस.ए.आई. टेक्नो सेल्स प्रा.लि.**को मिति २०८३/०५/०२ मा सम्पन्न विशेष साधारणसभाले कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन)मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

लिक्विडेटरः कुमार गुरुङ, इजाजतपत्र नं. ५२१, फोन नं. ९८४१८६१६३०

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

हक दावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७८।०८।१९ मा दर्ता भएको **प्रा.लि. नं. २७८८३३** को **सुन्दर ओखलढुङ्गा कृषि फार्म प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७२।०२।१२ मा दर्ता भएको **प्रा.लि. नं. १३५४३१** को **फ्यान्टास्टीक इनिसियटिभ मुनाफा वितरण नगर्ने** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०४।१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साउदीमा रोजगार

कम्पनी: JAWA HUMAN RESOURCESCOMPANY | शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८३/०५/०२ | चलानी नं.: ६०२५९८५३ | LT. No.: 346691

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब SR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Lording Labors	1	0	स. काममा दक्ष	1000	४०,६६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ भदौ १० गते (26 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने स्वाद्रे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २७९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हर साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

INDO ARAB MANPOWER PVT. LTD.
Gov. Lic no:764/065/066
Jawalakhel-20, Lalitpur, Tel:977-1-5439268, 5439269 Fax :5439259
Email: ktmskyking@gmail.com, Web: www.indoarabnepal.com.np
Kabita Kumari Paudel Mobile : 9801023474

युएईमा रोजगार

कम्पनी: KAWADER INTERNATIONAL FOR EMPLOYMENT SERVICES LLC | शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८१/०८/०५ | चलानी नं.: ६०२२८५१९ | LT. No.:314080 | पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Concrete Mason	29	0	सम्बन्धित काममा दक्ष	1200	४९,८८४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Construction Labouers	40	0		900	३७,४१३							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८३ भदौ १० गते (26 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने स्वाद्रे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २७९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हर साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Winner H.R. Solution Pvt.Ltd. Gov Lic 1537/078/079
Chakrapath Bhatbhateni Opposite Side of Indreni foodland
Tel: 01-5911104, 9808182308, 9845398895, 9841991638, 9851026746.
Email: winnerhrsolution2078@gmail.com, grghema128@gmail.com

Saudi मा रोजगार Ewan Human Resources Company

पूर्व स्वीकृति मिति: २०८३/४/१ | चलानी नं.: ६०२५९७८२ | LT No. 346463

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब SR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Food and Beverage Counter Worker	50	काममा दक्ष	1000	४०,८४१/-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

2. Ewan Human Resources Company, Saudi पुनः विज्ञापन, पूर्व स्वीकृति मिति: २०८२/१०/२० | चलानी नं.: ६०२५१७११ | LT No. 338207

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब SR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Kitchen Worker	12	काममा दक्ष	1000	४०,८४१/-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता २०८३ भाद्र १० गते (26 Aug., 2026) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

CHERISH OVERSEASE PVT. LTD. Gov. Lic No. 1304/074/075
Samakhusi Town Planning, Kathmandu,Tel: 01-4980414, 4963776
Email : info@cherishovs.com, Website : www.cherishovs.com
Contact Person : 9761729085 (Sweta Thapa)

युएईमा रोजगार

कम्पनी : Salik Concrete Carpenter Cont | शहर: SHARJAH
पूर्व स्वीकृत मिति: २०८२/०५/२० | चलानी नं.: ६०२४४५६९ | Lt. No.:330812 | पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	ASSISTANT CARPENTER	50	0	स. काममा दक्ष	1200	४९८८४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १० गते (26 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने स्वाद्रे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २७९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. २१०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हर साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

TOKIYO OVERSEAS PVT. LTD. Govt. License No.: 1307/074/075
Samakushi-26, Kathmandu Nepal. Phone no: 01-4594008. Mobile No: 9851419099.
Email: info@tokiyooverseas.com | Web: www.tokiyooverseas.com

मलेसियामा रोजगार

कम्पनी : OLYMPIC SUN SDN.BHD | शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/१२/२७ | चलानी नं.: ६०२५५५३२ | L.T. No.: 342087 | पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब RM	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	House Keeping	3	0	स. काममा दक्ष	1700	६३,९२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १० गते (26 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने स्वाद्रे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २७९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हर साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SAMRAT HUMAN RESOURCES PVT. LTD. License No: 1729/081/082
Dhumbarahi, Kathmandu- 4, Nepal, Ph No: 01- 4548013, 4548014,
9851044423 (Narendra Dev Malekar), Mail: info.samrathr@gmail.com, Web: www.samrathr.com

युएईमा रोजगार

कम्पनी : QUAD DREAM SCAFFOLDING CONTRACTING L.L.C | शहर : UAE
पूर्व स्वीकृत मिति: २०८३/०३/२८ | चलानी नं.: ६०२५८३२५ | L.T. No.: 344408 | पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Scaffolder Basic 2	9	0	स. काममा दक्ष	1500	६२,३५५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता चेम्जोङ्ग स्किल्ड तालिम केन्द्र प्रा. लि मोरङमा २०८३ भदौ १५ देखि १९ गते (21 August to 4 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने स्वाद्रे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २७९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हर साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

H. R. WORLD SERVICE PVT. LTD. श्रम इजाजत पत्र नं.: १४१३/०७४/०७५
Sinamangal - 9 Kathmandu, Tel: 4465793, +977 9705083361, 9705113388

सूचना !

मिति २०८३/०५/०२ गतेबाट लागु हुने गरी १९८ गन्तव्य मुलुकहरुका लागि अन्तर्राष्ट्रिय बहिर्गमन कलको पल्स दर परिवर्तन गरेको जानकारी गराउन चाहन्छौं । श्री नेपाल दूरसञ्चार प्राधिकरणद्वारा दूरसञ्चार ऐन २०५३ को दफा ४२ अनुसार मिति २०८३/०४/२२ को निर्णयानुसार स्वीकृति प्रदान गरिएको ६० सेकेन्डको नयाँ पल्स दरमा लागु गरिएको छ ।

प्राधिकरणको स्वीकृति बमोजिम अब अष्ट्रेलिया, बहराइन, क्यानडा, अमेरिका, चीन, फिनल्याण्ड, डेनमार्क, फ्रान्स, जर्मनी, भारत, हङकङ, ईटाली, जापान, साउथ कोरिया, लेवनान, मलेसिया, न्युजिल्याण्ड, नर्वे, पाकिस्तान, पोल्याण्ड, कतार, रसिया, रोमानिया, साउदी अरेयिबा, सिङ्गापुर, साउथ अफ्रिका, स्पेन, स्वीडेन, स्विटजरल्याण्ड, ताइवान, थाइल्याण्ड, टर्की, संयुक्त अरब इमिरेट्स, संयुक्त अधिराज्य, मेक्सिको, लिबियालगायतका गन्तव्य मुलुकहरुमा यो नयाँ पल्स दर लागु भएको छ । नयाँ पल्स दर कायम भएका सबै मुलुकहरुको पुरा सुचि यस कम्पनीको आधिकारिक वेबसाइटको International Call and SMS Rates खण्डमा हेर्न सकिने जानकारी गराउदछौं ।

Ncell

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस गणपती अटो मोबाईल्सले चाइनाबाट पैठारी गरिएको देहाएको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सि.न.	माल बस्तुको विवरण	आकार/प्रकार	ब्रान्ड	मोडेल	क्षमता	उत्पादित मुलुक/राष्ट्र	इकाई	अधिकतम बिक्री मूल्य (MRP)	कैफियत
१	इलेक्ट्रिक कार्गो रिक्सा	इलेक्ट्रिक	ट्रेस	KY-DB	१००० Kg/1 Driver	चाइना	पिस	२,९५,०००.००	
२	इलेक्ट्रिक रिक्सा	इलेक्ट्रिक	ट्रेस	KY-FT3	५६० Kg/4 Passenger & 1 Driver	चाइना	पिस	३,००,०००.००	

अधिकृत बिक्रेता : गणपती अटो मोबाईल्स
बिरगंज -१३, पर्सा, सम्पर्क ९८४५७१८९४०
ईमेल :- ganpatiautomobiles.kly@gmail.com
एक्जिम कोड न. ३०४५१९२५७०१९३ NP
फोन न. ९८४५७१८९४०

मलेसियामा रोजगार

कम्पनी : LIANG TEAK HUAT TRADING SDN BHD | शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८३/०१/०५ | चलानी नं.: ६०२५४३०१ | L.T. No.: 340954 | पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब RM	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	General Worker/P.O.	1	0	स. काममा दक्ष	1700	६३,९२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी : TN ENGINEERING SDN. BHD. | शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/१०/०६ | चलानी नं.: ६०२५०८४४ | L.T. No.: 337254 | पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब RM	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	General Worker/Factory Worker	3	0	स. काममा दक्ष	1700	६३,९२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ भदौ १० गते (26 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने स्वाद्रे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २७९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हर साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Noon Resources Pvt. Ltd. Lic. No:1653/080/081
Jawalakhel-13, Lalitpur, Nepal, Tel.: 01-5916778 Email : noonresources@gmai.com, info@noonresources.com/
Website: www.noon resources.com Mobile No: 9801276194, 9801464676

युएई र साउदीमा रोजगार

कम्पनी : ELHAMI BUILDING MAINTENANCE | शहर : DUBAI
पूर्व स्वीकृत मिति: २०८३/०५/०२ | चलानी नं.: ६०२५९७९५ | LT. No.: 346676

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Building Labor	27	0	स. काममा दक्ष	1000	४१५७०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : ABDULLAH BURJAS ABDULLAH AL-JURAID TRADING ESTABLISHMENT | शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०८३/०५/०२ | चलानी नं.: ६०२५९७९६ | LT. No.: 346465

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब SR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Shelf STockers (Female/Male	1	0	स. काममा दक्ष	1000	४०६६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १० गते (26 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने स्वाद्रे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २७९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,००० कामदारले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हर साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NEW ALFA H.R. SERVICES PVT. LTD.
श्रम इजाजत पत्र नं.: १०९०/०७३/०७४
Chandol-04, Kathmandu | Tel: 01-4721183, 9841531176 (Rishi Nepal)
E-mail: newalfahrs@gmail.com | Web.: www.newalfahrs.com

युएईमा रोजगार

कम्पनी: RUKN AL LAVANDER LADIES SALON | शहर: SHARJAH
पूर्व स्वीकृत मिति: २०८२/०९/२५ | चलानी नं.: ६०२५०३७९ | LT. No.: 336845 | पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Beautician	0	3	स. काममा दक्ष	1500	६२३५५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १० गते (26 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने स्वाद्रे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २७९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हर साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SKY OF THE WORLD MANPOWER PVT. LTD. श्रम ई. पत्र नं.: १०३५/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01- 4591316, Mob.: 9851068774
E-mail : skymanpower1039@gmail.com, info@skymanpower.com.np, Web.www.skymanpower.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

प्रधानमन्त्रीलाई संसदीय दायित्व सम्झाउने रुलिङ

प्रधानमन्त्री संसद्प्रति उत्तरदायी हुनुपर्छ । सरकार जनताका प्रतिनिधिको सर्वोच्च संस्था संसद्प्रति जवाफदेही हुनुपर्छ । यही संसदीय लोकतन्त्रको आधारभूत मान्यता हो । तर, झन्डै दुईतिहाइ बहुमतसहित बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारका सुरूवाती साढे चार महिनामा संसद्लाई सरकारको छायाजस्तो बनाउन खोजिएको देखियो । संसद्लाई बेवास्ता गर्ने र संसदीय उत्तरदायित्वबाट पन्छिने प्रवृत्ति बढ्यो । यसको असर विस्तारै सत्ता पक्षकै सांसदको असन्तुष्टिमा समेत देखिन थाल्यो । यस्तो अवस्थामा सभामुख डोलप्रसाद अर्यालले प्रधानमन्त्री वालेन्द्र शाहलाई संसद्मा उपस्थित भएर सांसद्का प्रश्नको जवाफ दिन रूलिङ गरेर ढिलै भए पनि सही कदम चालेका छन् । प्रतिनिधिसभा नियमावली पालना गर्न प्रधानमन्त्री बालेन्द्र शाहलाई गरिएको रूलिङ उनलाई संसद्मा बोलाउने औपचारिक प्रक्रिया मात्र नभई सरकारलाई संसद्प्रति उत्तरदायी बनाउने महत्त्वपूर्ण संसदीय हस्तक्षेप हो ।

प्रधानमन्त्री शाह सत्तारूढ रास्वपाका संसदीय दलका नेता हुन् । सभामुख अर्याल पनि रास्वपाकै संस्थापक नेतामध्येका हुन् । पार्टी सभापति रवि लामिछानेले सुरूदेखि पार्टीको नेतृत्व गर्दै आएका छन् । यी तीन नेताबीचको राजनीतिक सम्बन्धलाई लिएर पछिल्ला महिनामा अनेकन अड्कलबाजी भए । सभामुखले प्रभावकारी ढंगले संसद् चलाउन नसकेको आरोप पनि लाग्यो । पार्टीले सांसदलाई संसदीय भूमिकामा पर्याप्त केन्द्रित गर्न नसकेको आलोचना भयो । प्रधानमन्त्री संसद्मा कम उपस्थित भएको विषयमाथि सबैभन्दा धेरै प्रश्न उठे । गत निर्वाचनबाट १८२ सिटको बलियो जनमत पाएको रास्वपाले सरकार गठन गरेपछि सभामुख, उपसभामुख र संसदीय समितिका नेतृत्वमा समेत उसको प्रभाव देखियो । यस्तो अवस्थामा सरकार र संसद्बीचको सम्बन्ध झन् जिम्मेवार र मर्यादित हुनुपर्ने थियो । तर, सभामुख अर्यालले चार महिनासम्म सदनलाई सरकारसँग पर्याप्त जवाफ माग्ने प्रभावकारी थलो बनाउन सकेका थिएनन् । अहिले प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रमको मिति तोकेर संसद्को प्रभावकारी बढाउने कोसिस गरेका छन् ।

प्रतिनिधिसभा नियमावली २०८३ले प्रत्येक महिना प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको व्यवस्था गरेको छ । यही प्रावधानअनुसार भदौ १० गते प्रधानमन्त्री शाहले सांसदका १५ प्रश्नको सामना गर्नेछन् । यो अभ्यास नियमित र प्रभावकारी हुनुपर्छ । प्रधानमन्त्रीले संसद्मा उपस्थित भएर सांसदका प्रश्नको जवाफ दिनु सहज लोकतान्त्रिक अभ्यास हो ।

सभामुखको रूलिङलाई सरकारमाथि दबाब बढाउनेभन्दा संसद्को गरिमा र सरकारको जवाफदेहिता जोगाउने कदमका रूपमा हेरिनुपर्छ । ढिलो भएकोमा प्रश्न उठ्न सक्छ, तर सभामुखले पटकपटक भेटेर आग्रह गर्दासमेत अनिच्छा देखाएकाले रूलिङ स्वागतयोग्य कदम हो । प्रधानमन्त्री र सरकारले पनि यसलाई राजनीतिक दबाबका रूपमा नभई जनताप्रति जवाफदेही हुने संवैधानिक दायित्वका रूपमा लिनु उपयुक्त हुन्छ ।

बहुलवादको नाराबीच अधिनायकवादको अभ्यास

बहुलवादविरोधी राजनीतिले सबैभन्दा पहिले "जनता" शब्दको अर्थ संकुचित बनाउँछ । नेपालमा नयाँ सरकारले पुराना दलका नेता तथा समर्थकलाई समस्याका कारकका रूपमा बुझ्ने गरेको गुनासो सुनिन्छ । यस्तो सोचले ध्रुवीकरण बढाउँछ । "हामी" र "उनीहरू" भन्ने मनोविज्ञान बलियो हुँदा साझा राष्ट्रिय मुद्दा ओझेलमा पर्छ र अधिनायकवादको आधार बन्छ ।

अग्रलेख

● डा. बाबुराम अधिकारी

लोकतन्त्र चुनाव जित्ने वा सरकार बनाउने प्रक्रिया मात्र होइन । यो फरक विचार, पहिचान, आलोचना र अल्पमतको सम्मान गर्ने संस्कार पनि हो । कुनै पनि समाजको लोकतान्त्रिक शक्ति बहुमतको शासनमा मात्र होइन, अल्पमतले महसुस गर्ने सुरक्षामा पनि निर्भर हुन्छ । सबैले वैचारिक सुरक्षा पाउने यही आधार बहुलवाद हो । बहुलवादले फरक धर्म, भाषा, संस्कृति, वर्ग र समुदायका नागरिकले समान अधिकारसहित बाँच्न पाउनुपर्छ भन्ने मान्यता राख्छ ।

पछिल्ला वर्षहरूमा विश्व राजनीतिमा बहुलवादविरोधी प्रवृत्ति तीव्र बनेको छ । सन् २०१० यता हंगेरीमा भिक्टर अर्बानको सरकारले पत्रकार, विश्वविद्यालय, गैरसरकारी संस्था र आलोचक विपक्षीमाथि कानुनी दबाब बढाएको आरोप लाग्दै आएको छ । टर्कीमा रेचेप तैयप एर्दोआनको शासन पनि विपक्षी, पत्रकार र असहमत आवाजमाथि कडाइका कारण आलोचित छ । भारत, अमेरिका, ब्राजिल र पोल्यान्डजस्ता लोकतान्त्रिक देशमा समेत निर्वाचित नेता वा दलले मिडिया, अदालत, निर्वाचन प्रणाली र विपक्षीप्रति आक्रामक भाषा प्रयोग गर्दा लोकतन्त्रमाथि दबाब बढेको छ । आफूलाई मात्र जनताको प्रतिनिधि मान्ने, विपक्षीलाई देशद्रोही वा भ्रष्ट ठहऱ्याउने, स्वतन्त्र संस्थामाथि आक्रमण गर्ने र आलोचकलाई शत्रु ठान्ने यही शैली बहुलवादविरोधी राजनीति हो ।

अधिनायकवाद सधैं बन्दुक वा सैनिक शासनबाट मात्र आउँदैन । कहिलेकाहीं यो चुनाव, राष्ट्रवाद, जनवाद र लोकतन्त्रकै नामबाट पनि प्रवेश गर्छ । लोकतन्त्र, स्वतन्त्रता, निर्वाचन र शासन प्रणालीको अध्ययन गर्ने 'भि-डिम'जस्ता अन्तर्राष्ट्रिय संस्थाले ध्रुवीकरण र दुष्प्रचारले बहुलवादविरोधी शक्तिलाई लोकतन्त्र कमजोर बनाउन सहयोग गरेको देखाएका छन् । जब कुनै नेता वा दलले 'मात्र हामी जनता हौं, अरू सबै शत्रु हुन्' भन्न थाल्छ, त्यहींबाट बहुलवाद खुम्चिन्छ र लोकतन्त्रको आवरणमा अधिनायकवादको छाया देखिन्छ ।

समकालीन राजनीतिशास्त्री मुलरका अनुसार पपुलिज्मको मुख्य विशेषता नै बहुलवादको विरोध हो । पपुलिस्ट नेताहरू आफूलाई मात्र सही र वैध प्रतिनिधि ठान्छन् । उनीहरूले 'हामी मात्रै जनताको पक्षमा छौं, अरू सबै भ्रष्ट वा राष्ट्रविरोधी हुन्' भन्ने भाष्य बनाउँछन् । अमेरिकी पूर्वराष्ट्रपति ट्रम्पले बाराक ओबामालाई 'बाराक हुसेन ओबामा' भनेर सम्बोधन गर्नु यस्तै शैलीको उदाहरण हो । यस्तो दावीले राजनीतिक प्रतिस्पर्धालाई स्वस्थ बहसबाट नैतिक युद्धमा बदल्छ । त्यसपछि शासकमा विपक्षी विचार सुन्ने धैर्य हराउँछ र लोकतन्त्र दम्भमा सीमित हुन्छ ।

बहुलवादविरोधी राजनीतिले सबैभन्दा पहिले 'जनता' शब्दको अर्थ संकुचित बनाउँछ । लोकतन्त्रमा जनता भन्नाले सबै नागरिक बुझिन्छन् । तर, एन्टि-प्लुरलिस्ट नेताहरू फरक मत राख्नेलाई राष्ट्रको हिस्सा होइन, समस्या ठान्ने भाष्य निर्माण गर्छन् । नेपालमा हालै बनेको सरकारले पुराना दलका नेता तथा समर्थकलाई समस्याका कारकका रूपमा बुझ्ने गरेको गुनासो सुनिन्छ । यस्तो सोचले ध्रुवीकरण बढाउँछ । 'हामी' र 'उनीहरू' भन्ने मनोविज्ञान बलियो हुँदा साझा राष्ट्रिय मुद्दा ओझेलमा पर्छ र अधिनायकवादको आधार बन्छ ।



एआई

दार्शनिक हन्ना एरेन्टले अधिनायकवादको विश्लेषण गर्दा सत्यतथ्यको विनाशलाई अत्यन्त खतरनाक मानेकी छन् । जब राजनीति तथ्यभन्दा प्रचारमा आधारित हुन्छ, नागरिकको आलोचनात्मक सोच कमजोर हुन्छ । बहुलवादविरोधी राजनीतिले पनि यही गर्छ । यसले फरक तथ्य, फरक विचार र फरक व्याख्यालाई स्वीकार गर्दैन । निर्वाचित नेताको भनाइ नै अन्तिम सत्य हो भन्ने वातावरण बनाइन्छ । यस्तो अवस्थामा विवेकपूर्ण छलफलभन्दा उत्तेजना र भिडको दबाब प्रभावशाली हुन्छ ।

हार्वर्ड विश्वविद्यालयका स्टिभन लेविट्स्की र ड्यानियल जिब्लाटले लोकतन्त्र टिकाउन दुई अलिखित नियम आवश्यक रहेको बताएका छन् । पहिलो, पारस्परिक सहिष्णुता अर्थात् विपक्षीलाई शत्रु होइन, वैधानिक राजनीतिक प्रतिद्वन्द्वी मान्नु । दोस्रो, संस्थागत संयम अर्थात् कानुनले अधिकार दिए पनि त्यसको दुरुपयोग नगर्नु । बहुलवादविरोधी नेताहरूले यी दुवै नियम कमजोर बनाउँछन् । उनीहरू विपक्षीलाई अवैध ठान्छन् र राज्यका विविध अवयवलाई राजनीतिक स्वार्थअनुकूल प्रयोग गर्न खोज्छन् । यसले प्रजातन्त्रको मूल मर्म निस्तेज पार्छ ।

स्वतन्त्र न्यायालय, आमसञ्चार, निर्वाचन आयोग, संवैधानिक निकाय र नागरिक समाज लोकतन्त्रका सुरक्षाकवच हुन् । बहुलवादी लोकतन्त्रमा यी संस्थाले सत्ताको मनोमानी रोक्छन् र कानुनी शासनको प्रत्याभूति गर्छन् । तर, बहुलवादविरोधी राजनीतिले तिनलाई बाधाका रूपमा देख्छ । अदालतले सरकारको असंवैधानिक निर्णय रोक्दा न्यायाधीशलाई जनविरोधी भनिन्छ । पत्रकारले भ्रष्टाचार वा दुरुपयोग उजागर गर्दा 'गोदी मिडिया', 'बाह्र भाइ', 'अराष्ट्रिय तत्व' वा 'झोले पत्रकार'जस्ता ट्याग लगाइन्छ । यसरी राज्यका अंगको विश्वसनीयता कमजोर पारेर सत्ताकेन्द्रित राजनीति बलियो बनाइन्छ ।

हंगेरीमा अर्बानले 'अनुदार लोकतन्त्र'को अवधारणा अघि सार्दै न्यायालय, मिडिया र शैक्षिक संस्थामाथि प्रभाव बढाएको, अमेरिकामा ट्रम्पवादले समाजलाई तीव्र ध्रुवीकरण गरेको, भारतमा धार्मिक राष्ट्रवाद र पहिचानको राजनीतिले फरक विचार राख्नेलाई राष्ट्रविरोधीका रूपमा प्रस्तुत गरेको, तथा युरोपका केही देशमा आप्रवासी, अल्पसंख्यक र उदार विचारधारालाई निसाना बनाइएको उदाहरण पपुलिज्मका स्पष्ट प्रवृत्ति हुन् ।

पपुलिज्ममा लोकतान्त्रिक संरचना बाँकी देखिए पनि त्यसको आत्मा कमजोर हुन्छ । निर्वाचन हुन्छ, संसद् बस्छ, दलहरू अस्तित्वमा हुन्छन्, तर आलोचना गर्ने वातावरण खुम्चिँदै जान्छ । जनताले भोट हाल्न पाए पनि सत्ताको आलोचना गर्दा डर, घृणा वा दमनको सामना गर्नुपरे त्यस्तो व्यवस्था पूर्ण लोकतन्त्र हुन सक्दैन । आजको खतरा परम्परागत सैनिक तानाशाही मात्र होइन, लोकतन्त्रकै आवरणमा आउने अधिनायकवाद हो ।

डिजिटल प्रविधिले बहुलवादविरोधी राजनीतिलाई थप तीव्र बनाएको छ । सामाजिक सञ्जालका एल्गोरिदमले प्रयोगकर्तालाई आफूलाई मन पर्ने विचारसँग मिल्ने सामग्री बढी देखाउँछन्, जसलाई 'इको चेम्बर' भनिन्छ । यसले ध्रुवीकरण बढाउँछ, सहिष्णुता घटाउँछ, गलत सूचना फैलाउँछ र लोकतान्त्रिक बहस कमजोर बनाउँछ । एउटै विचार दोहोरिरहँदा आफ्नै विचार मात्र सत्य हो भन्ने भ्रम बढ्छ । नेपाली राजनीतिमा पनि दलगत समर्थन र विरोधमा यसको प्रभाव देखिन्छ । फेसबुक, टिकटक, युट्युब र एक्समा समर्थक आफ्नै पक्षका सामग्री हेर्ने, सेयर गर्ने र विश्वास गर्छन् । आलोचना आउँदा तथ्यमा छलफल गर्नुको सट्टा 'देशद्रोही', 'भ्रष्टको समर्थक', 'विदेशी दलाल' वा 'शक्तिको मान्छे' भनेर गाली गर्ने प्रवृत्तिले स्वस्थ संवाद कमजोर बनाएको छ ।

सामाजिक सञ्जालमा ट्रोल सेना, गलत सूचना, अपुष्ट दावी र भावनात्मक प्रचार बढेका छन् । पपुलिस्ट नेताहरूले यस्ता माध्यमलाई आफ्नो भाष्य फैलाउन प्रयोग गर्छन् । तथ्यभन्दा भाइरल सामग्री शक्तिशाली देखिन थाल्दा नागरिक सुसूचित होइन, भ्रमित हुन्छन् । तार्किक संवाद, धैर्य र तथ्यपरक बहस न्यून हुँदा बहुलवाद स्वाभाविक रूपमा कमजोर बन्छ ।

वर्तमान नेपाली राजनीतिमा बहुलवादविरोधी सोच विभिन्न रूपमा देखिन थालेको छ । दलहरूले लोकतन्त्रको रक्षा गर्ने दावी गरे पनि व्यवहारमा दलीय भागबन्डा, सत्ताकेन्द्रित गठबन्धन र संस्थागत हस्तक्षेपले जनविश्वास कमजोर बनाएका छन् । 'हाम्रो मान्छे'लाई प्राथमिकता दिने संस्कृतिले 'राम्रो मान्छे'को मूल्य घटाएको छ । यसले राज्यका निकायलाई निष्पक्ष बन्न बाधा पुऱ्याउँछ । नातावाद र राजनीतिक वंशवादले योग्य र नयाँ व्यक्तिलाई अवसरबाट वञ्चित गर्छ, पार्टीभित्रको आन्तरिक लोकतन्त्र कमजोर बनाउँछ, युवामा निराशा र नागरिकमा राजनीतिप्रति अविश्वास बढाउँछ ।

हाल सत्ता शासनमा उदाएकाहरूले हामी मात्रै ठीक, बाँकी सबै गलत, पुराना शक्ति पूर्ण रूपमा खराब र आफू मात्रै पवित्र भन्ने दाबी गर्नु राजनीतिक अपरिपक्वता हो । लोकतन्त्रमा नयाँ शक्ति आवश्यक छ, तर नयाँ शक्तिले पनि बहुलवादी संस्कार, आलोचना सहने क्षमता र संस्थागत जिम्मेवारी देखाउनुपर्छ ।

फ्रान्सिस फुकुयामाले 'आइडेन्टिटी' पुस्तकमा भनेझैं मानिसहरूले आफ्नो पहिचानका लागि सम्मान खोज्छन् । तर, पपुलिस्ट नेताहरूले यही पहिचानलाई हतियार बनाएर समाजलाई विभाजित गर्छन् । समाज विभाजित भएपछि बहुलवाद कमजोर र अधिनायकवाद बलियो बन्छ । नेपालमा पनि जाति, धर्म वा क्षेत्रका नाममा गरिने अतिवादी राजनीतिले अन्ततः अधिनायकवादलाई नै बल पुऱ्याउँछ ।

नेपालको नागरिक समाज र कथित बौद्धिक वर्ग पनि पूर्ण रूपमा स्वतन्त्र र आलोचनात्मक बन्न सकेको देखिँदैन । उनीहरूले कहिलेकाहीं गलत कुरालाई आकर्षक शब्द, भावनात्मक तर्क र चयन गरिएको सूचनामार्फत सत्यजस्तो देखाउन खोज्छन्, तर त्यसमा वास्तविक सत्यता कम हुन्छ । यसले सार्वजनिक बहसलाई कमजोर बनाएको छ ।

बहुलवादविरोधी राजनीतिको परिणाम गम्भीर हुन्छ । यसले सामाजिक एकता कमजोर बनाउँछ, संस्थाको विश्वसनीयता घटाउँछ, नागरिक स्वतन्त्रतामाथि खलल पुऱ्याउँछ र अधिनायकवादी नेतृत्वलाई वैधानिकता दिन सक्छ । सुरुमा लोकप्रिय देखिने पपुलिज्म अन्ततः समाजलाई असहिष्णु र राज्यलाई दमनकारी बनाउनेतर्फ उन्मुख हुन्छ ।

पपुलिस्ट राजनीतिले उत्पन्न गर्ने संकटबाट मुक्त हुन राज्यका महत्त्वपूर्ण संयन्त्रहरूमा विधिको शासन बलियो बनाउनुपर्छ । आलोचनात्मक नागरिक शिक्षा विस्तार गर्नुपर्छ । राजनीतिक दलहरूले विपक्षीलाई शत्रु होइन, लोकतन्त्रको आवश्यक अंग मान्ने संस्कार विकास गर्नुपर्छ ।

बहुलवादको रक्षा संविधान वा कानुनले मात्र गर्न सक्दैन । यसका लागि राजनीतिक नेतृत्व, नागरिक समाज, मिडिया, शैक्षिक संस्था र नागरिक सबै जिम्मेवार हुनुपर्छ । असहमति लोकतन्त्रको कमजोरी होइन, शक्ति हो । फरक विचारलाई सही ढंगले व्यवस्थापन गरियो भने यसले नीति परिपक्व, नेतृत्व जवाफदेही र राज्य समावेशी बनाउँछ ।

अन्त्यमा, बहुलवादबिनाको लोकतन्त्र भिडतन्त्रमा बदलिन सक्छ । बहुलवादको रक्षा भनेको शासकले आफ्नो मात्र होइन, विपक्षीको अधिकार पनि जोगाउनु हो । बहुमतको नाममा अल्पमत दबाउने राजनीति लोकतन्त्र हुन सक्दैन । लोकतन्त्र तब बलियो हुन्छ, जब सत्ता आलोचनाबाट डराउँदैन, बरु विपक्षीलाई सम्मान गर्छ । लोकतन्त्र बचाउन बहुलवाद बचाउनैपर्छ । सत्ता प्राप्तिभन्दा ठुलो कुरा लोकतान्त्रिक संस्कार हो, जसको केन्द्रमा विविधताको सम्मान, सहिष्णुता र संवाद रहन्छ । नारा र अभ्यासबीचको दूरी नमेटिए, प्राप्त लोकतन्त्र अधिनायकवादको अनुहार लुकाउने मुकुन्डो बन्न सक्छ । तसर्थ, नारामा होइन व्यवहारमा बहुलवाद खोजौं, अधिनायकवाद होइन लोकतन्त्र रोजौं ।

(लेखक मदन भण्डारी मेमोरियल कलेजका क्याम्पस प्रमुख हुन् ।)

विवाद होइन, विधि र सुधारको बाटो

विचार

● नवराज न्यौपाने

व्यक्तिगत अहंकार, आरोप-प्रत्यारोप र गुटबन्दीले परिवारदेखि राजनीतिक संगठनसम्मलाई कमजोर बनाउँछ । ऐतिहासिक त्याग र बलिदानबाट प्राप्त लोकतान्त्रिक उपलब्धिलाई जोगाउन व्यक्तिभन्दा विधि, असहमतिमा संवाद, र अग्रजको अनुभवसँगै नयाँ पुस्ताको ऊर्जा एकीकृत गर्दै सुधारको साझा बाटो पहिल्याउनु आजको मुख्य आवश्यकता हो ।

मानिसको जीवनमा धेरै कुरा संयोगले हुन्छन्, तर धेरैजसो परिणाम हाम्रै निर्णय, व्यवहार र सोचका उपज हुन् । कहिलेकाहीं एउटा सानो असमझदारीले ठुलो विवाद निम्त्याउँछ । विवादले अनावश्यक तनाव जन्माउँछ, तनावले अहंकार बढाउँछ र त्यही अहंकारले अन्ततः वर्षौं लगाएर बनाइएको सम्बन्ध, परिवार, संगठन र समाजलाई नै भताभुंग पारिदिन्छ । आज हामीले व्यक्तिगत जीवनदेखि राष्ट्रको शीर्ष राजनीतिक तहसम्म यही विनाशकारी प्रवृत्तिको पुनरावृत्ति भइरहेको देखिरहेका छौं ।

एउटा सामान्य परिवारलाई नै उदाहरणका रूपमा हेरौं । कुनै समय त्यो परिवारका आफ्नै साझा सपना र उद्देश्यहरू थिए । सन्तानको भविष्य उज्ज्वल बनाउने, छोराछोरीलाई समान अवसर दिने, बाबुआमालाई सुख दिने, परिवारलाई आर्थिक रूपमा सम्पन्न बनाउने र समाजमा सम्मानपूर्वक टाउको उठाएर बाँच्ने चाहना थियो । समयक्रममा परिवारको आकार ठुलो भयो, दायित्व बढे, आवश्यकता पनि थपिँदै गए । परिवारका सदस्यमध्ये कसैले बढी दुःख गरे होलान्, कसैले कम । कसैले बढी पाए होलान्, कसैले कम पाए । यस्ता साना-ठुला व्यावहारिक असमानता र असमझदारीलाई समयमै विवेकपूर्ण ढंगले व्यवस्थापन गर्न नसक्दा परिवारभित्रै अविश्वास र दूरी बढ्न थाल्छ ।

तर, यहाँ मुख्य समस्या असमझदारी उत्पन्न हुनु मात्र होइन, समस्या त त्यसलाई समाधान गर्न खुला संवादको बाटो रोज्नुको साटो अहंकार, आरोप-प्रत्यारोप र प्रतिशोधको बाटो अपनाउनु हो । जब मानिसमा 'म नै सही हुँ' भन्ने अहम् हावी हुन्छ, तब समस्या समाधानका ढोका बन्द हुन थाल्छन् । यही सामाजिक मनोविज्ञान परिवारबाट सुरु भएर समाज, संस्था र अन्ततः सिंगो राष्ट्रको राजनीतिक जीवनमा समेत गहिरोसँग झाँगिँदै गएको छ ।

परिवर्तनपछिको चुनौती

हाम्रो राजनीतिक इतिहास कहिल्यै सहज र सजिलो थिएन । तत्कालीन निरंकुश शासकहरूले आफ्नो सत्ता जोगाउन लोकतन्त्र र अधिकारका पक्षमा आवाज उठाउनेलाई दबाउने भरमग्दुर प्रयास गरे । देशका निष्ठावान् नेता तथा कार्यकर्ताले जेल, निर्वासन, दमन र बर्बर यातनाको सामना गर्नुपऱ्यो । तर, लोकतन्त्र, नागरिक अधिकार र स्वतन्त्रताका लागि संघर्ष गर्ने त्यो पुस्ताले कहिल्यै हार मानेन । धेरैले आफ्नो व्यक्तिगत सुख, परिवार र उज्ज्वल भविष्यलाई तिलाञ्जली दिँदै राष्ट्र र जनताको मुक्तिलाई सर्वोपरि ठाने ।

त्यही अभूतपूर्व त्याग, तपस्या, संघर्ष र अनगिन्ती सहिदहरूको बलिदानको जगमा देशमा ठुलो राजनीतिक परिवर्तन सम्भव भयो । निरंकुशताको अन्त्य भई जनताको छोराछोरी देशको शासन सत्ताको नेतृत्वमा पुग्ने व्यवस्था बन्यो । जनताबाट निर्वाचित प्रतिनिधिले राज्य सञ्चालन गर्ने र राष्ट्रको सर्वोच्च पदसम्म पुग्ने लोकतान्त्रिक प्रणाली स्थापित भयो । यो उपलब्धि कुनै एउटा व्यक्ति वा दलको मात्र होइन, बरु पुस्तौंपुस्ताको सामूहिक त्यागको प्रतिफल हो ।

तर, राजनीतिक परिवर्तन हासिल हुनु मात्रै अन्तिम लक्ष्य थिएन । वास्तविक चुनौती त व्यवस्था परिवर्तनपछि सुरु हुन्छ । शासन व्यवस्था त बदलियो, तर के शासन सञ्चालन गर्ने शैली र संस्कार बदलियो ? व्यवस्था लोकतान्त्रिक भयो, तर हाम्रा नेता र कार्यकर्ताको व्यवहार लोकतान्त्रिक हुन सक्यो कि सकेन ? जनताको अधिकार कागजी रूपमा स्थापित भयो, तर तिनको दैनिक जीवनमा शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा र सुशासनको प्रत्यक्ष अनुभूति पुग्यो कि पुगेन ? यिनै गम्भीर प्रश्नहरू आज हाम्रासामु खडा छन् ।

राजनीतिक परिवर्तनपछि दलहरूभित्र विचार र नीतिको बहस हुनुपर्नेमा शक्ति संघर्ष सुरु भयो । व्यक्तिगत स्वार्थ, गुट, उपगुट, पद

र प्रतिष्ठाको होडबाजीले संगठनको मूल उद्देश्यलाई ओझेलमा पार्न थाल्यो । बाह्य राजनीतिक प्रतिस्पर्धाभन्दा आफ्नै दलभित्रको आन्तरिक कलह ठुलो र घातक देखिन थाल्यो । आज हामी एउटा विचित्र र चिन्ताजनक राजनीतिक मनोविज्ञानका साक्षी बनिरहेका छौं, जहाँ विचारभन्दा व्यक्ति र निष्ठाभन्दा गुट ठुलो मानिन्छ ।

आफ्नै सहकर्मीमाथि हिलो छ्याप्ने, आफ्ना कमजोरी लुकाएर अरूलाई मात्र दोषी देख्ने, फरक मत राख्नेलाई शत्रुवत् व्यवहार गर्ने र आलोचनालाई सुधारको अवसरका रूपमा नलिनु आजको ठुलो कमजोरी हो । आफ्नै राजनीतिक सहयात्री र अग्रजहरूलाई सार्वजनिक रूपमा गालीगलौज गर्ने स्तरमा ओर्लिनु लोकतान्त्रिक संस्कार मान्न सकिँदैन । यसले राजनीतिप्रति नयाँ पुस्तामा तीव्र वितृष्णा र निराशा मात्र जन्माइरहेको छ ।

समाधानको बाटो

कुनै पनि संगठन मानिसको भिड वा शक्ति प्रदर्शनले मात्र बलियो हुँदैन । संगठनलाई दीर्घजीवन दिने तत्त्व भनेका विधि, विधान, स्पष्ट विचार, अनुशासन, पारदर्शिता र आपसी सम्मान हुन् । राजनीतिक दल भनेको कसैको निजी सम्पत्ति वा लिमिटेड कम्पनी होइन; यो त लाखौं कार्यकर्ता, शुभेच्छुक र जनताको आशा एवं विश्वासको धरोहर हो । त्यसैले दलभित्रका आन्तरिक असहमतिलाई व्यक्तिगत प्रतिष्ठाको लडाइँ बनाइनु हुँदैन ।

अब समस्याको मात्र रोइलो गरेर पुग्दैन, स्पष्ट समाधानको बाटो पहिल्याउनैपर्छ । यसका लागि निम्न कदमहरू चाल्नु अनिवार्य छ :

संवादलाई प्राथमिकता : असहमति हुनु लोकतन्त्रको सुन्दर पक्ष हो । असहमति भनेको शत्रुता होइन । एकअर्कासँग बसेर खुला मनले छलफल गर्ने, फरक मतको सम्मान गर्ने र साझा निष्कर्ष खोज्ने परिपाटी बसाल्नुपर्छ ।

व्यक्तिभन्दा विधि निर्णायक : कसले जित्यो वा कसले हाऱ्यो भन्ने कुरा गौण हो; मुख्य कुरा संगठनले विधि र विधान पालना गऱ्यो कि गरेन भन्ने हो । नियम र लोकतान्त्रिक प्रक्रिया सबैका लागि समान हुनुपर्छ ।

पुस्तान्तरण र समन्वय : अग्रज पुस्ताको त्याग र अनुभवलाई सम्मान गर्दै नयाँ पुस्ताको ऊर्जा र विचारलाई स्थान दिनुपर्छ । पुरानाको अनुभव र नयाँको ऊर्जाको संयोजनले नै संगठनलाई चलायमान बनाउँछ ।

संस्थाको मर्यादा : नेता ठुलो भएर संस्था ठुलो हुने होइन, संस्था बलियो र मर्यादित भएपछि मात्र नेता स्वतः सम्मानित हुन्छ । व्यक्तिगत महत्त्वाकांक्षाका लागि संस्थालाई दाउमा लगाउनुहुँदैन ।

आलोचनाको स्वीकारोक्ति : गल्ती औंल्याउने मानिस सधैं विरोधी हुँदैन । आफ्ना कमजोरी स्वीकार गरी सुधार गर्ने क्षमता नै परिपक्व नेतृत्वको पहिचान हो ।

हामीले परिवर्तनका लागि ठुला-ठुला क्रान्ति र आन्दोलन त गऱ्यौं, तर प्राप्त उपलब्धिलाई संस्थागत गर्ने र सुशासन दिने मामिलामा धेरै ठाउँमा चुक्यौं । अधिकारका लागि आवाज उठायौं, तर अधिकारसँगै आउने कर्तव्य र जिम्मेवारी भुल्दै गयौं ।

अब एक-अर्कालाई दोषारोपण गरेर समय खेर फाल्ने छुट हामीलाई छैन । असहमति भए संवाद गरौं, गल्ती भए निसंकोच सुधारौं, र अविश्वास भए पारदर्शिता कायम गरौं । राजनीति कसैलाई हराउने वा सिध्याउने खेल होइन; यो त सिंगो समाज र राष्ट्रलाई जिताउने पवित्र उत्तरदायित्व हो । त्यसैले इतिहासले दिएको यो परीक्षामा उत्तीर्ण हुन हामी सबैले आफ्नो व्यवहार र सोचमा तत्काल सुधार ल्याउनु आवश्यक छ ।

इतिहासको पाना ● सन्तोष खडेरी

भारतीय सेनाको पहिलो मानार्थ महारथी सुरेन्द्रबहादुर

भारतीय सेनाध्यक्ष धीरज सेठलाई राष्ट्रपति रामचन्द्र पौडेलले शीतलनिवासमा नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्रदान गरे ।

भारतमा ब्रिटिस शासन र नेपालमा राणाशासन कायम हुँदै सन् १८९२ देखि नै यसको प्रचलन सुरु भएको थियो । राणा शासनको अन्त्यपछि भारत र बेलायत दुवै मुलुकले नेपाली सेनाको परमाधिपति रहेका राजाहरूलाई यस्तो दर्जा दिने गर्दथ्यो । यसै क्रममा क्रमशः राजा त्रिभुवन र राजा महेन्द्रले पाए ।

नेपालका तर्फबाट भारतका प्रथम प्रधानसेनापति के.एम. करिअप्पालाई सन् १९५२ नोभेम्बरमा नेपाली सेनाको मानार्थ महारथीको दर्जा दिइएको थियो । भारतका तर्फबाट भने सन् १९६९ डिसेम्बर २ मा नेपाली सेनाका प्रधानसेनापति जनरल सुरेन्द्रबहादुर शाहलाई भारतीय सेनाको मानार्थ महारथीको दर्जा प्रदान गरिएको थियो । त्यसदिन राष्ट्रपति कार्यालयमा आयोजित समारोहमा भारतीय सेनाध्यक्ष जनरल एसएचएफजे मानेकसाको उपस्थितिमा भारतका तत्कालीन राष्ट्रपति भि.भी. गिरीले उक्त दर्जा प्रदान गरेका थिए ।

तस्बिर : एआई

ललितपुरमा अपराधसँगै सडक दुर्घटना र सामाजिक सुरक्षाको चुनौती बढ्दो

रामहरि कार्की/मध्यान्ह
ललितपुर, २ भदौ

ललितपुरमा अपराध नियन्त्रणसँगै सडक दुर्घटना र सामाजिक सुरक्षासम्बन्धी घटना प्रहरीका लागि प्रमुख चुनौतीका रूपमा देखिएका छन्। जिल्ला प्रहरी परिसर ललितपुरको २०८३ साउन महिनाको विवरणअनुसार एक महिनामै ठूलो संख्यामा आपराधिक घटना, उजुरी, सवारी दुर्घटना तथा सामाजिक सुरक्षासँग सम्बन्धित घटना भएका छन्।

प्रहरीका अनुसार साउनमा जिल्लामा विभिन्न प्रकृतिका १७९ वटा मुद्दा दर्ता भएका छन्। ती मुद्दामा जघन्य तथा गम्भीर अपराधदेखि महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित घटना र अन्य अपराध रहेका छन्। चालु मुद्दाका १२० जना प्रतिवादी पक्राउ परेका छन् भने फैसला कार्यान्वयनका क्रममा थप ३३ जना पक्राउ परेका छन्।

फैसला कार्यान्वयनका क्रममा पक्राउ परेकाबाट अदालतले तोकेको १० वर्ष १० महिना ७ दिन कैद, २ करोड ८८ लाख २६ हजार ७०९ रुपैयाँ बिगो र १८ लाख ८५ हजार ८२५ रुपैयाँ जरिवाना असुलउपर भएको प्रहरीले जनाएको छ।

अपराधसँगै ललितपुरमा सडक दुर्घटनाको अवस्था पनि गम्भीर देखिएको छ। साउनमा ८५ वटा सवारी दुर्घटना हुँदा १३ जनाको मृत्यु र १३१ जना घाइते भएका छन्। दुर्घटनामा १२४ वटा सवारीसाधन संलग्न थिए भने १२५ जनालाई प्रहरीले उद्धार गरेको जनाएको छ। तीव्र गति, ठक्कर, सवारी अनियन्त्रित हुनु तथा सवारीसाधनमा चढ्ने-ओर्लने क्रममा हुने जोखिमलाई प्रहरीले दुर्घटनाका कारणका रूपमा औंल्याएको छ। दुर्घटना न्यूनीकरणका क्रममा गरिएको कारबाहीबाट ४ लाख ९४ हजार रुपैयाँ राजस्व संकलन भएको छ।

घरेलु हिंसादेखि हराएका नागरिकसम्म

साउनमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित ३९ वटा उजुरी प्रहरीकहाँ पुगेका छन्। तीमध्ये ३७ वटा फछ्र्योट भएका छन् भने दुईवटा बाँकी छन्। घरेलु हिंसाका ३५ उजुरी परेकोमा ३४ वटा मिलापत्रबाट टुंगिएका छन्।

घरेलु हिंसाका उजुरीमध्ये ललितपुर महानगरपालिकाबाट २२, महालक्ष्मी नगरपालिकाबाट सात, गोदावरीबाट पाँच र बागमती गाउँपालिकाबाट एक वटा रहेका छन्। त्यस्तै ५८ जना हराएको सूचना प्राप्त भएकोमा ३६ जना फेला परेका छन्।

नागरिकले प्रत्यक्ष रूपमा दिएका ४५३ वटा ठाडो उजुरीमध्ये ४३१ वटा फछ्र्योट भएका छन्। जिल्ला प्रशासन कार्यालयमार्फत आएका ९५ उजुरीमध्ये ९१ वटा फछ्र्योट भएका छन्।

लागुऔषध र आत्महत्या अर्को चुनौती

लागुऔषध नियन्त्रणतर्फ साउनमा सात वटा मुद्दा दर्ता गरी ११ जना पक्राउ परेका छन्। प्रहरीले पोल्यान्ड, ट्रामाडोल, हेरोइन, माल्टाजेपाम र गाँजा बरामद गरेको जनाएको छ।

यसैगरी साउनमा आत्महत्याका कारण १४ जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा आठ महिला र ६ पुरुष छन्। प्रहरीका अनुसार १३ जनाले झुन्डिएर र एकजनाले विषादी सेवन गरेर आत्महत्या गरेका छन्।

चोरी तथा पुराना अपराधका फरार पक्राउ

साउनमा प्रहरीले चोरी तथा पुराना आपराधिक घटनाका फरार प्रतिवादी पक्राउमा पनि सक्रियता देखाएको छ। हरिसिद्धीमा घर चोरीको अनुसन्धानका क्रममा एकै दिन पाँच स्थानमा चोरी गरेको आरोपमा गोदावरी नगरपालिका-१४ टौखेलका ३३ वर्षीय सुरज महर्जन पक्राउ परेका छन्। उनीबाट सुन तथा चाँदीजस्तो देखिने गरगहना, नगद, मोबाइल, झोला, पर्स तथा चोरीमा प्रयोग भएका औजार बरामद गरिएको प्रहरीले जनाएको छ। कर्तव्य ज्यान मुद्दामा करिब पाँच वर्षदेखि फरार रहेका गोदावरी नगरपालिका-८ डुकुछापका प्रदीप थापा मगर, प्रविन थापा मगर र गोपिनी थापा मगर पनि पक्राउ परेका छन्।

८० विशेष कार्यक्रममा ५ हजार ८५० प्रहरी परिचालन

साउनमा राष्ट्रपति तथा उपराष्ट्रपतिको सवारी, विदेशी पाहुनाको आवागमन, राजनीतिक कार्यक्रम, विरोध प्रदर्शन, धर्ना, ¥याली, मेला-पर्व, जात्रा, परीक्षा तथा जिल्ला प्रशासन कार्यालयका कार्यक्रमलगायत ८० वटा विशेष कार्यक्रममा ५ हजार ८५० प्रहरी परिचालन भएको प्रहरीले जनाएको छ। अपराध न्यूनीकरणका लागि चेकपोस्ट, नियमित चेकजाँच, सहरी तथा ग्रामीण गस्ती र स्वीप अपरेसन सञ्चालन गरिएको छ। विपद् उद्धार, राजस्व तथा भन्सार छली नियन्त्रण, अवैध मदिरा नियन्त्रण र प्राकृतिक स्रोतको दोहन रोक्न पनि प्रहरी परिचालन भएको छ।

साउनमा १ हजार ८६० लिटर घरेलु मदिरा बरामद भएको छ। प्राकृतिक सम्पदा दोहन नियन्त्रणका क्रममा तीन वटा सवारीसाधन नियन्त्रणमा लिइएका छन्। प्रहरीले अपराध नियन्त्रणसँगै समुदाय र विद्यालय केन्द्रित कार्यक्रमलाई पनि प्राथमिकता दिएको जनाएको छ। लैंगिक हिंसा, घरेलु हिंसा, साइबर अपराध, लागुऔषध, चोरी तथा आत्महत्या न्यूनीकरणलगायत विषयमा सञ्चालित समुदाय केन्द्रित कार्यक्रममा २ हजारभन्दा बढी नागरिक सहभागी भएका छन्। विद्यालय केन्द्रित ३१ कार्यक्रममा १ हजार ६४२ विद्यार्थी सहभागी भएका छन्। साउनमा जिल्ला प्रहरी परिसरको नागरिक सहायता कक्षबाट १५ हजारभन्दा बढी सेवाग्राहीले सेवा लिएका छन्। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रअन्तर्गत ६९ जनालाई निःशुल्क निवेदन लेखन र १०४ जनालाई परामर्श दिइएको प्रहरीले जनाएको छ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०८/१७ मा दर्ता भएको **प्रा.लि.नं. ८७१०२** को **बजाज रोडवेज प्रा. लि.** को मिति २०८३/०४/३० मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्वीडेटर: गोपाल खतिवडा (इजाजत नं. ६१५)
ठेगाना: का.म.न.पा.-९, काठमाण्डौ
सम्पर्क: ९८६३५४२२९०

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८२/०३/०९ मा दर्ता भएको **प्रा. लि. नं. ३६९१५३/०८२/०८३** को श्री **रिजेन रिसेट नेपाल प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८३/०५/०३

मिति २०८३/०४/२८ गते सम्पन्न वार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **नहारघाङ कन्स्ट्रक्सन एण्ड ट्रान्स्पोर्ट कम्पनी प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने सर्तमा साविक नाम परिवर्तन गरी **प्रतिक्षा इन्फ्रा प्रा. लि (प्रा.लि.नं. २२४३७४)** कायम गर्ने गरी मिति २०८३/०५/०१ गते कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साउदीमा रोजगार

क.१ कम्पनी: **ELITE WORK GENERAL CONTRACTING COMPANY** — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८३/०५/०२ — चलानी नं.: ६०२५९८११ — LT. No.: 346718

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब SR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Concrete Worker	1	0	स. काममा दक्ष	1000	४०,६६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

क.२ कम्पनी: **MAXON TRANSPORT COIMPANY** — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८३/०४/२१ — चलानी नं.: ६०२५९४०८ — LT. No.: 346054

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब SR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Heavy Truck Drivers	5	0	स. काममा दक्ष	1800	७३,१८८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

क.३ कम्पनी: **SAKAB ALMSAFAT FOR TRANSPORTATION COMPANY** — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८३/०४/२६ — चलानी नं.: ६०२५९८१२ — LT. No.: 346405

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब SR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Driver-Heavy Truck	2	0	स. काममा दक्ष	1800	७३,१८८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ साउन १० गते (26 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	क१,३ नि शुल्क क२ रु १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

TRIVENI OVERSEAS CONCERN PVT.LTD
Govt. Lic. No.: 341/059/060
P.O. Box: 23489 Ring Road, Bashundhara, Kathmandu, Nepal, Hotline: 01- 4987602, 4987603, 9810722700, Mail: trivenioverseas.nepal@gmail.com
Branch Office : si.na.pa-08, b.p Path, Bhairahawa, Nepal, Landline : 071-572513, Phone +977-9767608711, 9820788714,
Email : trivenioverseas.bhairahawa@gmail.com, Website: www.trivenioverseas.com

कतारमा रोजगार

कम्पनी: **MANSAROBAR CONTRACTING HOSPITALITY AND CLAEANING** — शहर: Doha
पूर्व स्वीकृत मिति: २०८२/०३/१९ — चलानी नं.: ६०२४०५९४ — L.T. No.: 326746 — पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब QR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Dry Clean Worker	3	0	सम्बन्धित काममा दक्ष	1000	४१८८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Packing Labor	0	9		1200	५०२५६							
3.	Receptionist	0	2		2000	८३७६०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १० गते (26 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Sara Khasa Human Resource Pvt.Ltd.
श्रम इजाजत नं. १४५३/०७४/०७५
Old Baneshwor, Kathmandu, Nepal, Tel.: 01-4574798, 9808338626, 9851119676.
Email: sarakhasahr1453@gmail.com, website: www.sarakhasahr.org.np

कतारमा रोजगार

कम्पनी : **DOHANS TRADING** — शहर : QATAR
पूर्व स्वीकृत मिति: २०८३/०५/०२ — चलानी नं.: ६०२५९८२२ — LT. No.:346626

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब QR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Clerk	2	0	सम्बन्धित काममा दक्ष	2800	१,१७,२६४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	OFFICE CLEANER	0	2		1500	६२,८२०							
3.	Representative	1	0		2400	१,००,५१२							
4.	Sales Persons (Female)	0	1		1600	६७,००८							
5.	Store Worker	2	0		1500	६२,८२०							
6.	SUPERVISOR / GENERAL	1	0		2800	१,१७,२६४							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १० गते (26 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SKILL LINK RECRUITMENT PVT. LTD.
Govt Lic.No. 1747/081/082
Budhanilkantha-9, Sukedhara, Kathmandu, Nepal, Surya Budhathoki : 9801180811, Tel No: +977 1 5925447, 5923447
Email: info@skilllink.com.np, Website: www.skilllink.com.np

ALMEN — **फ्रि भिसा, फ्रि टिकट सहित कुवेतमा वैदेशिक रोजगारीको अवसर**

कम्पनी : **TARIQ AL-GHANIM GENERAL TRADING & CONTRACTING COMPANY (Almen Kuwait)** — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८३/०५/०२ — चलानी नं.: ६०२५९८०३ — L.T. No.: 346606

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब KD	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	All Rounder Labour	50	0	सम्बन्धित काममा दक्ष	100	४९७२२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Scaffolder	100	0		120	५९६६६							

